सि.जि.प्र.द.नं. १७ जि.हु.द.नं. २८

# सन्देश जनप्रिय

Sandesh Janapriya Weekly साप्ताहिक

❖ वर्षः- ३१ ❖ अङ्कः- १९ ❖ २०८० पौष ०४ गते बुधबार(20 Dec. 2023 Wednesday) ❖ पृष्ठः- ८ ❖ मूल्यः- १०/-

प्रो. राजन भुजेल ✆ ०४७-५२०८३६, ९८४४०१५८६७
Email:-rajanbhujel111@gmail.com
आर.एन. ट्रेर्डस एण्ड सप्लायर्स
कमलामाई न.पा.-६, पानीट्याङ्की, सिन्धुली


यहाँ रड, सिमेन्ट जस्ता निर्माण सम्बन्धी सम्पूर्ण सामान, पाईप, PPR हाउस वायरिङ्ग सामानहरु पाइनुका साथै पशुपति पेन्टस् सुपथ मूल्यमा पाईन्छ।

## काम गरेको ज्याला माग्दै डाक्टरहरू !

**सिन्धुली**/ बेथिती र अराजकता बढेपछि चलन चल्तीमा आउने एउटै उखान छः 'कहीं नभएको जात्रा हाँडिगाउँमा'। सरकार छ, अस्पताल भवन पनि भव्य छ र त्यहाँ चिकित्सक एवम् डाक्टरहरु पनि छन् तर उनीहरुले काम गरेवापतको ज्याला पाउँदैनन् तर पनि निरन्तर नागरिकको जीवन बचाउन उनीहरु तल्लिन रहन्छन् । सिन्धुली अस्पतालमा कार्यरत डाक्टर र चिकित्सक र डाक्टरहरुले अहिले यही नियती भोगिरहेकाछन् ।

सिन्धुलीको कमलामाई नगरपालिका ६ माढीबजारमा रहेको सिन्धुली अस्पतालमा कार्यरत डाक्टरहरुले ज्लाला नपाएको महिनौं भयो । डाक्टरले ज्याला नभएको वारे स्थानीय प्रशासन मात्रै होइन, स्थानीय सरकार पनि बेखबर बनिरहेको छ ।


मिति: 2080/08/29

उनीहरुले आफ्नो काम गरेवापतको ज्याला उपलव्ध गराई पाउँभन्दै स्वास्थ्य तथा जनसख्या मन्त्रालयका सचिवलाई बिन्तिपत्र बुझाएका छन्

तर यो समाचार तयार पार्दासम्म त्यसको कुनै सुनुवाई भएको छैन, सिन्धुली अस्पताल विकास समितिका अध्यक्ष सतिस कुमार ढकाल भन्छन्। डाक्टरहरुले निकै कष्टका साथ काम गरिरहनु भएकोछ, हामीले उहाँहरुलाई चाहँदा चाँहदै पनि केही गर्न सकिरहेका छैनौं, उनले मंगलवार साँझ भने । डाक्टरले काम गरेको तलव पाएनन् भनेर भन्दा अनौठो लाग्छ, तर वास्तबिकता भने यही नैं हो, ढाकालले अगाडि भने ।

सिन्धुली अस्पताल, सिन्धुलीमा कार्यरत छात्रवृत्ति करारका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले असोजदेखि तलब पाएका छैनन् । हालसम्म पारिश्रमिक र दशैं तिहारको चाडबाड खर्चसमेच नपाएपछि उनीहरुले स्वास्थ्य मन्त्रालय ● बाँकी २ पेजमा

## सिन्धुली अस्पतालमा सय बेड !

**सिन्धुली**/ सिन्धुली अस्पतालले हिजो बाट १ वेडको सञ्चालनको लागि पत्र प्राप्त गरेको छ। यो सँगै सिन्धुली अस्पताल प्रादेशिक अस्पतालका रुपमा परिणत भएको हो ।

तत्कालिन डोरमणी पौडेल नेतृत्वको बागमती प्रदेश सरकारले सिन्धुली अस्पताललाई १ सय वेडको अस्पताल बनाउने नीतिगत निर्णय गरेर भवन लगायतका आवश्यक पूर्वाधार निर्माणको काम अगाडि बढाएको थियो । त्यसैलाई निरन्तरलाई दिंदै बागमती प्रदेश सरकारले सिन्धुली लगायत प्रदेशका अन्य अस्पतालको स्तरोन्नती गरेको छ ।

कानूनमन्त्री गंगानारायण श्रेष्ठले घादिङ, नुवाकोट,बकुलहर चितवन अस्पताललाई १ सय बेड, हेटौंडा अस्पताललाई ३ सय र भक्तपुर अस्पताललाई ३ सय

## कमलामाईका गाई भैंसीलाई सुत्केरी भत्ता

**सिन्धुली**/ सिन्धुलीको कमलामाई नगरपालिकामा पछिल्लो समय गाई, भैसी पालक कृषकको संख्यामा बृद्धि भएको पाइन्छ । आर्थिक बर्ष २०७९/८० मा मात्रै ६ सय ५० गोटा गाई, भैंसीको कृषकहले सुत्केरी भत्ता लिएको पशु शाखा प्रमुख रोशन कोइरालाले जानकारी दिए ।

अघिल्लो आर्थिक बर्षमा ४ सय सुत्केरी गाई,भैंसीको नाममा किसानहरुले सुत्केरी भत्ता लिएको देखिएको हो ।

कमलामाई नगरपालिकालाई दुग्ध क्षेत्रमा आत्मनिर्भर गराउने उदेश्यले तत्कालिन नगरप्रमुख खड्गवहादुर खत्रीको पालादेखी गाई र भैंसीलाई सुत्केरी अबस्थामा पोषिलो खानेकुरा खुवालानका लागि भन्दै १ हजार रुपैयाँ भत्ता दिन थालिएको थियो ।

बर्तमान नगरप्रमुख उपेन्द्र पोखरेलले भने खत्रीले थालेको योजनालाई निरन्तरतादिंदै सो रकम बढाएर २ हजार पुऱ्याइएको छ ।

चालु आर्थिक बर्षको ५ महिनामा २ सय २५ गोटा गाई भैंसी को भत्ता लिएको अभिलेखबाट देखिएको बताउँदै कोइरालाले सुत्केरी भएका पशुले सो अवधिमा पोषणयुक्त आहार तथा दाना खान पाउन् र दुध उत्पादक कृषकहरुलाई प्रोत्साहन होस् भनेर प्रति सुत्केरी पशुलाई दुई हजार रुपैयाँका दरले भत्ता बितरण गरिएको जानकारी दिए ।

कमलामाई नगरपालिकाले दुग्ध उत्पादनमा लिएको लक्ष्य पुरा भएको जनाएको छ । नेपालको सन्दर्भमा प्रति व्यक्ति, प्रति बर्ष ९१ दशमलव २ लिटर दुध आवश्यकता पर्नेमा समग्र नेपालमा ७९ लिटर मात्रै उत्पादन हुन्छ भने कमलामाई नगरपालिकामा ९१ दशमलव ४ लिटर दुध उपलब्धता हुने गरेको कोइरालाको भनाई थियो ।

सिन्धुलीका बिभिन्न बजार तथा जिल्ला बाहिर दुधको माग बढे सँगै पशु पालक कृषक पनि बढेका छन् ।

कमलामाई नगरपालिकाको बिशेष गरी वडा नम्बर ४, ५, ७, ८, ९ र १२ नम्बर वडामा व्यवसायिक रुपमैं किसानहरुले गाई तथा भैंसी पाल्ने गरेका छन् ।


## आर्युर्वेदप्रति बढ्यो आर्कषण



**सिन्धुली**/ पछिल्लो समय सर्व साधारणमा आयुर्वेद स्वास्थ्य सेवा आकर्षण बन्न थालेको देखिएको छ । जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र सिन्धुलीले हिजो मंगलवार आयुर्वेद सेवाको प्रवर्द्धन गर्न स्थानीय सञ्चार कर्मीहरुसँग अन्तरक्रिया कार्यक्रममा पछिल्लो समय सिन्धुलीका सर्व साधारण आयुर्वेद स्वास्थ्य सेवा प्रति आकर्षित भएको जानकारी दिइएको हो । प्रमुख जिल्ला अधिकारी सुनिता नेपालको प्रमुख ● बाँकी २ पेजमा

## प्रचण्ड सरकार असफल बन्योः पौडेल

**सिन्धुली**/ प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले) का उपाध्यक्ष विष्णु पौडेलले वर्तमान सरकार पूर्णतः असफल भएको बताएका छन् । वर्तमान सरकारको एक वर्षे कार्यकालको समिक्षा गर्दै उनले आम नेपाली यो सरकारसँग असन्तुष्ट र असहमत रहेको तथा सत्तारुढ दलका नेताहरुले नैं वर्तमान सरकार असफल भएको प्रतिक्रिया दिएको दाबी समेत गरे । मंगलवार न्युज एजेन्सी नेपालसँग



संक्षिप्त प्रतिक्रिया दिंदै पूर्वउप प्रधानमन्त्री समेत ● बाँकी २ पेजमा

## 'सरकारनैं पिडितको पक्षमा छैन'



**सिन्धुली**/ सशस्त्र द्वन्द्वको घाउलाई सरकारले मेटाउन नसकिरहेका बेला सिन्धुलीका द्वन्द्व पीडित महिलाहरु भने संगठित बनेकाछन् । द्वन्द्वबाट पिडित बनेका महिलाहरुको एक भेलाले सञ्जालनैं गठन गरेर आफ्ना मागहरु उठाउने भएका हुन् । उनीहरुले शोभा माझीको अध्यक्षतामा १३ सदस्यीय समिति गठन गरेको घोषणा गरेका हुन् ।

समितिको सचिवमा राधा तिमल्सीना, कोषाध्यक्षमा मिना तामाङ, सदस्य हरूमा रिता परियार, धनमाया मोक्तान, इच्छा कुमारी बिश्वकर्मा, जानुका गौतम, नन्दकुमारी श्रेष्ठ, सुस्मिता प्याकुरेल, ● बाँकी ८ पेजमा

## झटारो —— राजेश मानन्धर




## देखिएका सबै बामपन्थीहरू एउटै होइनन् ?

गुलेली
□ प्रेम दाहाल



समाज वर्गमा विभाजित भएको हुँदा समाजका लेखक, राजनीतिक विश्लेषक र अर्थविदहरू पनि विभाजित हुनु स्वाभाविक हो । कति लेखक तथा राजनीतिक विश्लेषकहरू विदेशी स्वार्थमा राजनीतिको सही विश्लेषण गर्दैनन्। केही यस्ता पुँजीवादको पक्ष पोषण गर्ने र तथ्यलाई बङग्याउने लेखक छन् जसले नेपालका बामपन्थी हरुलाई एउटै दृष्टिले व्याख्या गर्छन् र नेतृत्वकै आलोचनामा उनीहरुको ध्येय केन्द्रीत हुने गर्छ ।

उनीहरुले भने जस्तै नेपालका बामपन्थी अर्थात कम्युनिष्टहरूको एउटै विचारको हुनुपर्ने आम नेपालीको मान्यता हो, तर त्यो देखिएन । लेखक तथा राजनीतिक विश्लेषकहरूले राष्ट्रिय स्वार्थमा लाग्ने र विदेशीहरुको गोटी बन्ने सबै कम्युनिष्टलाई एउटै दृष्टिले हेर्नुलाई सही मान्न सकिंदैन ।

सत्ताका लागि जस्तोसुकै दलाली गर्ने, देश र जनताको हित भन्दा व्यक्तिगत हितलाई सर्बोपरि ठान्ने कम्युनिष्ट पार्टी बिग्रियो भन्दैमा सबै बिग्रिए भनेर ब्याख्या विश्लेषण गर्नु देश र जनताको पक्षमा लेखियो वा आवाज उठाइयो भन्न सकिन्न । एउटा कम्युनिष्ट नामधारी पार्टी सत्तामा छ, एमाले लगायतका कम्युनिष्ट पार्टी सरकारमा नगई संसदमा प्रमुख प्रतिपक्षको भूमिकामा रहेका छन् भने कति कम्युनिष्ट पार्टीहरू न सरकारमा छन् न संसदमै छन् । ती सबै कम्युनिष्ट ● बाँकी २ पेजमा

प्रेम इलोक्ट्रोनिक्स सेन्टर
प्रो. कपिल श्रेष्ठ ९८४४०४१३५२ ९८०२६०७७५१
कमलामाई न.पा.-६, सिन्धुली

यहाँ विभिन्न किसिमका मोवाइल, फ्रिज, LED TV, Iron, Rice cooker बुफर लगाएत इलोक्ट्रोनिक्स सामानहरु सुपथ मूल्यमा पाइन्छ ।

**देखिएका ........**

पार्टीलाई एउटै सूचीमा राखेर जनताका बीचमा भ्रम छर्ने काम देशी तथा विदेशी समूहले गराईरहेको छ।

अहिलेको सरकारमा एमाओवादी र एकीकृत समाजवादी सरकारमा छ। सत्तामा गएर पुँजीवादी व्यवस्थामा रमाउँदै देशी तथा विदेशी पुँजीपति वर्गकै स्वार्थ पूरा गर्ने या सेवा गर्ने र आफुले सुशासन र सामाजिक न्याय प्रदान गरेको डिङ हाक्न माओवादी सुप्रिमोले छोड्नभएको छैन। भारत र अमेरिकालाई रिझाउँदै आफ्नो स्वार्थको सत्तालाई लम्ब्याउने भन्दा अरु फरक काम प्रधानमन्त्री प्रचण्डले एक वर्षे कार्यकालमा केही पनि गर्न सक्नुभएन भन्ने तथ्य त उहाँ आफैंले ओकलीरहनु भएको छ।

प्रमुख प्रतिपक्षी दल नेकपा एमाले अहिलेको संसदीय व्यवस्थालाई सर्वोपरि ठानेर उसले देश र जनताका लागि केही गर्नुपर्छ र नेपालको कम्युनिष्ट आन्दोलनलाई सही दिशाबाट अगाडि बढाउन तथा पार्टीलाई जनस्तरमा बलियो बनाउन भन्दै संकल्प यात्राको नाममा माओ कालिन लम्बे अभियानकै झल्को दिनेगरी मध्यपहाडी क्षेत्रमा आफ्नो प्रभावलाई दर्बिलो .ढंगले प्रस्तुत गरेको छ।

अहिले हाम्रो मुलुक आर्थिक रुपमा समस्याग्रस्त छ। देशमा उद्योगधन्दा, व्यवसाय संकटमा छन्। सत्तारुढ र प्रतिपक्षी दलहरु पनि आफ्नै किचलो छ। नेकपा एमाले स्वयम् पनि एकता र विभाजनको पीडाबाट दर्बिलोसँग उठ्न सकेको छैन। जसरी चिनियाँ कम्युनिष्ट पार्टी धरमराउँदो अवस्थामा रहेको बेला माओत्से-तुङले लालसेनाको 'लङ मार्च' सुरु गरेका थिए।

'लङ मार्च' अभियानले माओलाई पार्टीमा अध्यक्षकै भूमिकामा फर्काउँदै च्याङकाई सेकलाई परास्त गरी जनवादी गणतन्त्र चीनको स्थापना गरेको थियो र अहिलेको समृद्ध चीन ९० वर्षअघि माओकै नेतृत्व गरेको 'लङ मार्च'को परिणाम हो भन्ने तथ्य स्थापित गरेको छ।

विभिन्न नाममा विभाजन भएर टुक्रा टुक्रा बनेको नेपालका वामपन्थी (कम्युनिष्ट) पार्टीहरुलाई एकतावद्ध बनाउने अभियानको नेतृत्व पनि पूर्व पश्चिम लम्बे अभियानसँगै अध्यक्ष ओलीले गर्नुभएको छ। उहाँले अभियानको अन्त्यसँगै चिवाभञ्ज्याङ बाट उद्घोष गर्नुभएको थियो: अब विभिन्न नाममा छरिएर रहेका सबै कम्युनिष्टहरु एक हुनुपर्छ र एउटै कम्युनिष्ट केन्द्र बनाउँदै देश र जनतका विरुद्ध भएका सबै षडयन्त्रहरुलाई परास्त गर्नुपर्छ।

एक हजार ८७९ किलोमिटर पार गर्दै बैतडीको झुलाघाटबाट पाँचथरको चिवा भञ्ज्याङसम्म पुगेर समाप्त भएको यो यात्राले काठमाडौंको चौधेरा भित्रबाट कहिल्यै नदिखिने मध्यपहाडी क्षेत्रका जनताको दुःख र पिडाको यथार्थ तस्विर अध्यक्ष ओली मात्रै होइन सबै पदाधिकारी तथा नेताहरुले अनुभूति गरेपछि

विचारमा वामपन्थी र व्यवहारमा पुँजीपति वर्गको हितका निम्ती काम गर्नेहरुलाई टाउको दुख्नु स्वाभाविक पनि हो।

दृष्टिकोणमा दलाल पुँजीवादी र यथास्थितिवादी भन्ने र व्यवहारमा उनीहरुसँगै सत्तामा बसेर आफ्नै वर्गमाथि जाइलाग्ने माओवादी नेतृत्वको अहिलेको कार्यशैलीले नेपालको कम्युनिष्ट आन्दोलनलाई भ्रष्टिकरण तर्फ धकेलिरहेको अवस्थामा जनतका पीर मर्का बुझ्न एमालेले गरेको यो यात्राले नेपाल कम्युनिष्टहरुलाई ध्रविकरणतर्फ लैजाने प्रष्टै देखिन्छ।

समाजवादी व्यवस्थाको निम्ति लड्ने र समाजवादको कुरै नगर्ने या परिवर्तनको निम्ति राजनैतिक तथा वैचारिक संघर्षनै आवश्यक नपर्ने दाबी गर्ने माओवादी केन्द्र जस्ता दलले यथास्थितिवादी प्रवृतिसामु हात पसारेर राज्य कोषमा रजाइँ र भागबन्डा गरिरहेका छन्। सत्तामा बस्ने र राज्य र जनतका पक्षमा काम नगर्ने र सत्तना बाहिर बसेर गरिखाने वर्गका पक्षमा उभ्याउनेलाई सुस्त देख्नु पनि लेखक र राजनीतिक विश्लेषकहरूको कमजोरीका रुपमा बुझ्नु पर्ने हुन्छ।

अनेकौं षडयन्त्रका बीत नेपाली माटो को रक्षार्थ चुच्चे नक्सा सार्वजनिक गरेको तथ्यलाई लुकाउने, अमेरिकी कठपुतली इजरायली सरकारद्वारा प्यालेस्टिनमाथि गरिरहेको कायरतापूर्ण आक्रमणको विरुद्ध आवाज उठाउने एमालेका सकारात्मक कामहरुलाई कहिल्यै नदेख्नेहरु आफ्ना स्वार्थमा कलम चलाईरहेका छन्।

वामपन्थीहरू कहिल्यै हावादारी कुरा गर्दैनन्, तथ्यका आधारमा सत्य ओकल्छन्, बनावटी कुरा गर्दैनन्, शोषितपीडित जनताको पक्षमा निरन्तर आवाज उठाउँछन्। जनता लाई लोभ्याएर, आकर्षक र मीठो नारा फलाकेर, बुथ कब्जा गर्ने, डर धाक धम्की देखाउने, पैसा बाँडेर चुनाव जित्ने र सरकार चलाउने दल तथा जनतालाई सिद्धान्त र विचार दिएर जित्ने दललाई एउटै दृष्टिले हेर्नेहरु वास्तवमा लेखक वा राजनैतिक विश्लेषक कहलिन सक्तैनन्।

सत्तामा बसेर माओवादीले गरेको गल्ती, कमजोरी, जनविरोधी एवम् देशघाती कामको दोष अरुलाई दिन मिल्दैन। यसकारण, कुनै नेता वा कम्युनिष्ट पार्टीले गरेको गल्ती, दोष, कमजोरीलाई सबै नेता वा कम्युनिष्ट पार्टीसित जोड्न मिल्दैन। यसतर्फ लेखक र राजनीतिक विश्लेषकहरूले ख्याल गरेमात्रै वास्तमा उहाँहरुको लेखकीय सार देखिने छ।

**काम ......**

गुहारेको पनि एक साता बित्न लागेको छ, तर समस्या ज्यूँका त्यूँ छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पत्र लेख्दै अस्पतालमा कार्यरत १४ जना चिकित्सक तथा स्वास्थ्यकर्मीले पारिश्रमिक उपलब्ध गराइदिन माग थिए।

तलब नपाउँदा दैनिक गुजारा चलाउन समेत कठिन भइरहेको भन्दै यथाशिघ्र हालसम्मको पारिश्रमिक र दशैं तिहारको चाडबाड खर्च उपलब्ध गराउन उनीहरुले माग गरेका छन्। उनीहरुले स्वास्थ्य सचिवलाई सम्बोधन गर्दै पत्रसमेत लेखेका छन्। "सिन्धुली अस्पतालमा कार्यरत छात्रवृत्ति करारका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले असोजमहिनादे खि हालसम्म पारिश्रमिक र दशैं तिहारको खर्च सुविधा नपाएकोले हामीहरुको दैनिक गुजारा चलाउन समेत कठिन भइरहेको छ " पत्रमा भनिएको छ,"यथाशिघ्र हालसम्मको पारिश्रमिक र दशैं तिहारको खर्च उपलब्ध गराइदिनुहुनका साथै अब उप्रान्त नियमीत तथा सहज रुपमा समेत पारिश्रमिकको व्यवस्था गरिदिन अनुरोध छ।"

सिन्धुली अस्पतालका डाक्टरहरुले ज्याला नभएको भन्ने विषयमा सोधिएको एक जिज्ञासामा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले उहाँहरुको समस्या छिट्टै सम्बोधन हुने बताए। कति दिन लाग्छ भनेर सोधिएको जिज्ञासामा भने उनले केही बताउन नसक्ने जवाफ दिएका थिए।

त्यसैगरी मन्त्रालयका सचिव डा. रोशन पोखरेललाई सो विषयमा बुझ्न खोज्दा फोन उठ्न सकेन। सन्देश जनप्रिय साप्ताहिकले यस अगाडि सिन्धुली अस्पताललाई विमा बोर्डले बिरामीहरुलाई उपचार गराए वापत भुक्तानी दिनुपर्ने २ करोड बढी रकम उपलब्ध नराएपछि बिमितहरुले औषधी पाउन छाडेको समाचार प्रमुखताका साथ प्रकाशन गरेको थियो।

**आयुर्वेदप्रति ........**

आतिथ्यतामा भएको कार्यक्रममा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रका प्रमुख डाक्टर अर्जुन उपाध्यायले आर्थिक वर्ष २०७७/७८ मा ७ हजार जनाले सेवा लिएका थिए भने २०७८/७९ मा १२ हजार जनाले सेवा लिए र सो संख्या बढेर आर्थिक वर्ष २०७९/८० मा १६ हजार जनाले आयुर्वेद स्वास्थ्य सेवा लिएको बताए। चालु आर्थिक वर्षमा सो संख्यालाई बढाएर २० हजार जनालाई सेवा प्रदान गर्ने लक्ष्य रहेको समेत डाक्टर उपाध्यले बताए। उनले सिन्धुलीको जनसंख्या हेर्दा आयुर्वेदिक सेवामा एलोपेथिक भन्दा तुलनात्मक रुपमा एकदमै कम मानिसले सेवा लिएको भएपनि पहिले भन्दा प्रत्येक वर्ष ५ हजारका दरले सेवाग्राही बढिरहेको खुलासा गरे।

मानिस जब बिरामी पर्छन् तब मात्रै अस्पताल जाने र औषधी सेवन गर्नसाथ तुरुन्तै निको हुनुपर्ने चाहानाका कारणले आयुर्वेदिक भन्दा एलोपेथिक सेवा रुचाउन थालेको देखिएको छ। आयुर्वेदमा उपचार सेवा नै फरक हुन्छ। मानिसको जिवनशैली देखि रोग लाग्न नदिने उपायहरुलाई बढि केन्द्रित गरिन्छ। त्यसैले सिकिस्त भएका बिरामी भन्दा पनि जिवनशैली परिवर्तन चाहने मानिस मात्रै आउने गरेकोले सेवाग्राहीको संख्यामा कमी भएको हो उनले अगाडि भने।

जिल्ला आयुर्वेद सेवा केन्द्र सिन्धुलीमा क्षारसुत्रद्धारा सेवा प्रदान गरिन्छ। बागमती प्रदेशका जिल्ला भरीमा २ ठाउँमा मात्रै क्षारसुत्रद्धारा सेवा प्रदान गरिने गरिन्छ। विशेषरुपमा मलाशय रोगहरु (पायल्स, फिस्टुला) को आवश्यकता अनुसार क्षारसुत्रद्धारा उपचार गरिने डाक्टर उपाध्यले बताए।

**प्रचण्ड ........**

रहेका उपाध्यक्ष पौडेलले काँग्रेस महामन्त्री गगन थापाको अभिव्यक्तिप्रति संकेत गर्दै सरकार असफल भयो भनेपछि बोक्ने किन ? भनेर प्रश्न पनि गरे।

उनले वर्तमान सरकारलाई खिंचडीको संज्ञा दिँदै यो सरकार मुलुकमा रहेसम्म देशले दुःख मात्रै पाउने जिकिर गरे। वर्तमान सरकार सँग देश बनाउने कुनै नीति, विचार, विश्लेषण, गन्तव्य नभएको उपाध्यक्ष पौडेलको भनाई थियो। उनले वर्तमान सरकारलाई राख्ने नेपाली जनताको चाहना नभएको पनि पटकपटक दोहोऱ्याए।

उपाध्यक्ष पौडेलले सरकार परिवर्तन का लागि एमालेसँग संसदको अंक गणित पर्याप्त नभएकाले त्यतातर्फ ध्यान नदिएको स्पष्ट पारे।

उपाध्यक्ष पौडेलको भनाइ जस्ताको तस्तै :

'यो सरकार चाँहि सम्पूर्ण रुपमा असफल भयो। यो सरकार जति दिन बस्छ, जति दिन रहन्छ। देशले सबै क्षेत्रमा सुशासनको क्षेत्रमा, शान्ति सुरक्षाको क्षेत्रमा, राष्ट्रिय स्वाभिमान र राष्ट्रको सम्मान अभिबृद्धिको क्षेत्रमा, संविधानको रक्षा र कार्यान्वयनको क्षेत्रमा, मानव अधिकारको क्षेत्रमा, शान्ति प्रक्रियाका बाँकि काम पूरा गर्ने सन्दर्भमा, राजश्व परिचालनका सन्दर्भमा, अर्थतन्त्रलाई गतिशील र चलायमान बनाउने सन्दर्भमा सबै सन्दर्भमा यो सरकार असफल भयो। यो सरकार जति दिन बस्छ, देशले त्यति दुःख पाउने हो। त्यतिधेरै देश ओरालो लाग्ने हो। यो सरकार असफल सरकार हो। यस्तो प्रकार को सरकार बन्नुपर्छ भन्ने नेपाली जनताको चाहना होइन। नेपाली जनताको जनादेश पनि यो होइन। यो प्रकारको खिचडी सरकार नेपाली जनताले चाहेको होइन। तर अब के छ भने संसदको अंक गणितले यही सरकार बन्यो। यो खिचडी सरकारले देशलाई अगाडि लैजान सक्दैन।

यसको कुनै नीति छैन, विचार छैन, विश्लेषण छैन, गन्तव्य छैन, केही पनि छैन। बाँडने र खाने भन्दा यो सरकारको केही पनि छैन। यो असफल सरकार हो। सरकार त असफल भयो। तर सरकार फेर्नका लागि, सरकार बदल्नका लागि संसदको अंक गणितले साथ दिनु पर्छ। त्यो संसदको अंक गणितले साथ दिन्छ कि दिँदैन भन्ने कुरा चाँहि एमालेको इच्छाले मात्रै तय गर्दैन। हामी देखिराखेका छौं-सरकारमा सहभागी दलहरु र त्यसका नेताहरुले भनिराखेका छन-यो सरकार असफल भयो। यसलाई नम्बर दिनुपऱ्यो भने १० प्रतिशत नम्बर दिन्छु भनिराखेका छन साथीहरु। १० प्रतिशत नम्बर पनि दिने, सरकार पनि बोकेर हिंडने पनि देखेका छौं हामी फेरी।

त्यसकारणले प्रश्न के छ भन्दाखेरी यो सरकार असफल भयो भन्ने कुरा स्वयम् सत्तारुढ दलका नेताहरुले पनि भनिरहनु भएको छ। असफल भयो भने यो असफल सरकारलाई बोक्ने किन ? प्रश्न यो हो। तर के छ भन्दाखेरी फेरि पनि नेकपा एमाले जनमतको हिसावले देशको पहिलो पार्टी हो। संसदको सिट संख्याको हिसावले हाराहारीको तर दोस्रो सिट संख्यामा छौं। हाम्रो संख्या सरकार बनाउनका निम्ति र सरकार फेर्नका निम्ति पुग्दैन। पर्याप्त छैन।

त्यसले गर्दा यो सरकार कतिसम्म रहन्छ वा रहँदैन भन्ने कुरा संसद भित्रको अंकगणितले तय गर्ने कुरा भयो। तर आम नेपालीले यो क्षेत्र वा त्यो क्षेत्र भन्ने छोडौं। निजी क्षेत्रको कुरा गर्नुस्। युवा विद्यार्थीको कुरा गर्नुस्। बुद्धिजीविको कुरा गर्नुस्। पेशा कर्मीको कुरा गर्नुस्। मजदुर, किसानको कुरा गर्नुस्। सबै क्षेत्र यो सरकारसँग असन्तुष्ट छन। असहमत छ। र, यो सरकारले देशलाई रसातलतर्फ लगिरहेको छ। यो सरकार सम्पूर्ण रुपमा असफल रह्यो।'

**सिन्धुली ........**

बेड बनाउनेगरी स्तरोन्नती गरिएको जानकारी दिए। त्यसैगरी सिन्धुपाल्चोक ५०, रामेछाप ५०, मेथिनकोट काभ्रे ५० र पशुपति चौलागाई अस्पताललाई ५० बेड सञ्चालनका लागि स्वीकृतगर्दै पत्राचार गरिएको मन्त्री श्रेष्ठले सन्देश जनप्रियलाई जानकारी दिए। मन्त्री श्रेष्ठले भने सिन्धुली अस्पतालको स्तर माथि उठाउन आफुले प्रदेश सरकारका तर्फबाट निरन्तर सहयोग जारी राख्ने बताएका थिए।




डेंगी ज्वरो (Dengue Fever)

परिचय

डेंगी ज्वरो अरु मौसमी ज्वरो जस्तै हो। डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाइबाट मानिसमा सर्दछ।

लामखुट्टेले टोक्ने समय

एडिज जातको लामखुट्टेले प्राय गरेर दिनमा टोक्दछ, यद्यपी घाम उदाएको २ घण्टा पछाडी र घाम अस्ताउनु भन्दा २ घण्टा अगाडी यो लामखुट्टे बढी सक्रिय हुने हुनाले सो समयमा थप सचेत हुनुपर्छ।

लामखुट्टे वृद्धि विकास हुने स्थान

एडिज लामखुट्टेले सफा जमेको थोरै पानीमा पनि फुल पार्दछ, खासगरी पानी जम्ने टिनका डब्बाहरु, प्लास्टिकका बोतल, प्लास्टिकका खोल, टायर, सिसी, अन्डाको बोक्रा, ड्रम, बाटा, बाल्टिन, फुलदानी, गमला, कुलर, पानीका ट्याँकी आदिमा लगायत जुनसुकै पानी जम्ने भाँडा तथा स्थानहरु जस्तै छाना, कौसी, बरन्डा, ढल, नाली, कुलो, आदिमा फुल पार्छ र यो लामखुट्टेको वृद्धि विकास हुन्छ।



लक्षणहरु

डेंगीको मुख्य लक्षण एक्कासी उच्च ज्वरो आउनु हो, यो ज्वरो ५-७ दिनसम्म रहन सक्छ, ज्वरोसँगै निम्न लक्षणहरु देखापर्छन् :

- बेस्सरी टाउको दुख्ने,
- आँखाको गेडी दुख्ने,
- हाडजोर्नी र माँसपेशीहरु र ढाड दुख्ने,
- शरीरमा बिबिरा आउने,
- रिंगटा लाग्ने,
- वाकवाकि/ वान्ता हुने,

यसका साथै लगातार बान्ता हुने, बान्तामा रगत देखा पर्ने, धेरै पेट दुख्ने, स्वासप्रस्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि लक्षणहरु देखापर्नु डेंगीको जटिल अवस्थामा हो।

डेंगी ज्वरोको उपचार

- डेंगी भाइरसबाट हुने भएकोले यसको खास उपचार छैन। यो आफै निको हुन्छ।
- उच्च ज्वरो कम गर्न पारासिटामोल खाने तर ब्रुफिन, एस्प्रिन जस्ता दुखाई कम गर्ने औषधि नखाने,
- पानी तथा झोलिलो तथा पोषिलो खाने कुरा प्रशस्त मात्रामा खाने,
- पूर्ण रुपमा आराम गर्ने।

डेंगीको जटिल लक्षणहरु देखिएमा तत्काल नजिकैको स्वास्थ्य संस्थामा लैजानु पर्दछ, डेंगी रोग भएका बालबालिका, वृद्धवृद्धा, दिर्घ रोगी र गर्भवतीहरुको विशेष ध्यान दिनु पर्छ।

बच्ने उपाय

डेंगी ज्वरोबाट बच्न लामखुट्टेको टोकाईबाट बच्ने :

- बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पुरा बाहुला भएको पुरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरु अपनाउने जस्तै : धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने।

लामखुट्टेको वृद्धि विकास नियन्त्रण गर्ने:

- आफ्नो घर वरिपरी, कार्यस्थल र सार्वजनिक स्थानहरुमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जमिहालेको खण्डमा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- दैनिक प्रयोजनको लागि राखेको पानी लामखुट्टे प्रवेश गर्न नदिने गरी ढाकेर राख्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने, त्यस्तै भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरि बिसर्जन गर्ने,

लामखुट्टेको टोकाईबाट बच्नु नै डेंगी रोगबाट बच्ने मुख्य उपाय हो।

यस सम्बन्धी थप जानकारीको लागि नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राख्नुहोला।

जिराभवानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मधेस प्रदेश, पर्सा

# शहिद परिवारलाई संझँदै माओवादी



**सिन्धुली**/ नेपाल कम्युनिष्ट पार्टी (माओवादी) केन्द्र घ्याङ्लेखले जनवर्गिय संगठनहरुको भेला आयो जनागर्दे सर्वसम्मतरुपमा नेतृत्व चयन गरेको छ। माओवादी केन्द्रका सिन्धुली जिल्ला इन्चार्ज महेश्वर दाहालको प्रमुख आतिथ्यतामा भएको थियो। कार्यक्रममा जनवर्गिय संगठन र मोर्चाका नेता कार्यकर्ताहरुलाई प्रशिक्षणात्मक मन्तव्य राख्नु भएको हो । नेता दाहालले पार्टीलाई विघिसम्मत ढंगले अगाडि बढाउन र जनताको भावना अनुसार कामहरु गर्न जरुरी भएको बताउनुभयो । निर्वाचित कमिटीलाई बधाई तथा शुभकामना मन्तव्य दिंदै नेता दाहालले लामो कालखण्ड जनयुद्ध लडेका र पार्टीमा दुःख गरेका साथीहरु पछाडि पारिनु दुःखद भएको बताउँदै उहाँहरुको समस्यामा पार्टी एकाकार हुने नेतृत्व जनतबाट अलग नहुने बताउनुभयो ।

कार्यक्रममा जिल्ला समन्वय समिति का सभापति एवम् माओवादी केन्द्र बागमती प्रदेश कमिटी सदस्य कारसाङ लामा, बागमति प्रदेश सभा सदस्य सुष्पा भुजेल, बाबुराम राई, पालिका उपाध्यक्ष शंकरमान घलानल गायतका नेताहरुले आ-आफ्नो मन्तव्य राख्नुभएको थियो ।

ठूलो संख्यामा उपस्थित स्थानीय पार्टी नेता कार्यकर्ताहरुको भेलाले अक्कल बहादुर भोलनको संयोजकत्व मा १९ सदस्यीय नयाँ कार्य समिति चयन गरेको छ ।

त्यसैगरी खड्गबहादुर श्रेष्ठको संयोजकत्वमा ९ सदस्यीय नेवा मोर्चा, आईत सिं भोलानको नेतृत्वमा १९ सदस्यीय किसान मोर्चा, रविन्द्र बुर्जा मगरको संयोजकत्वमा २१ सदस्यीय मगर मोर्चा र सुनिता वाइवाको संयोजकत्वमा ३५ सदस्यीय महिला मोर्चा गठन गरिएको हो । त्यसैगरी रुपेश मोक्तानको संयोजकत्वमा २९ सदस्यीय युवा मोर्चा र सुर्य बहादुर बिकको नेतृत्वमा १७ सदस्यीय दलित मुक्ति मोर्चा गठन भएको माओवादी केन्द्र सिन्धुलीले जानकारी दिएको छ।

त्यसैगरी तत्कालिन राज्यसत्ताद्धारा हत्या गरिएका दुधौलीका महान शहिद चन्द्र परियारको शालिकमा हत्या गरिएकै दिन एक श्रद्धाञ्जली कार्यक्रम गरिएको आयोजना गरिएको छ । अभियानका सिन्धुली जिल्ला इन्चार्ज महेश्वर दाहालको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा नेता दाहालले शहिद चन्द्रको शालिकमा माल्र्यापण गर्नुभएको थियो। एक मिनट मौन धारण गरेर शुरु भएको कार्यक्रममा प्रदेशसभा सदस्य सुष्पा भुजेल, इन्दिरा काफ्ले, दीपक खड्का लगायतका नेताहरुले माल्यार्पण गर्नुभएको छ ।

सिन्धुलीमा शहिद, वेपत्ता, अपाङ्ग लगायतका जनयुद्धमा संलग्नहरुलाई माओवादी सिन्धुलीका नेताहरुले बिर्सिएका बेला चार महिने अभियानमा भने उनीहरुलाई खोज्न थालिएको छ । यस अगाडि जनयुद्ध लडेका माओवादीहरुलाई भने नेतृत्वमा गैर माओवादी हाबी भएपनि निकालिएको थियो ।

# एमालेले हुलाकी राजमार्ग केन्द्रीत अभियान चलाउने



**सिन्धुली**/ नेपाल कम्युनिष्ट पार्टी (माओवादी) केन्द्र घ्याङ्लेखले जन वर्गिय संगठनहरुको भेला आयोजना गर्दे सर्वसम्मतरुपमा नेतृत्व चयन गरेको छ ।

माओवादी केन्द्रका सिन्धुली जिल्ला इन्चार्ज महेश्वर दाहालको प्रमुख आतिथ्यतामा भएको थियो । कार्यक्रममा जनवर्गिय संगठन र मोर्चाका नेता कार्यकर्ताहरुलाई प्रशिक्षणात्मक मन्तव्य राख्नु भएको हो । नेता दाहालले पार्टीलाई विघिसम्मत ढंगले अगाडि बढाउन र जनताको भावना अनुसार कामहरु गर्न जरुरी भएको बताउनुभयो । निर्वाचित कमिटीलाई बधाई तथा शुभकामना मन्तव्य दिंदै नेता दाहालले लामो कालखण्ड जनयुद्ध लडेका र पार्टीमा दुःख गरेका साथीहरु पछाडि पारिनु दुःखद भएको बताउँदै उहाँहरुको समस्यामा पार्टी एकाकार हुने नेतृत्व जनतबाट अलग नहुने बताउनुभयो ।

कार्यक्रममा जिल्ला समन्वय समिति का सभापति एवम् माओवादी केन्द्र बागमती प्रदेश कमिटी सदस्य कारसाङ लामा, बागमति प्रदेश सभा सदस्य सुष्पा भुजेल, बाबुराम राई, पालिका उपाध्यक्ष शंकरमान घलान लगायतका नेताहरुले आ आफ्नो मन्तव्य राख्नुभएको थियो ।

ठूलो संख्यामा उपस्थित स्थानीय पार्टी नेता कार्यकर्ताहरुको भेलाले अक्कल बहादुर भोलनको संयोजकत्वमा १९ सदस्यीय नयाँ कार्य समिति चयन गरेको छ ।

त्यसैगरी खड्गबहादुर श्रेष्ठको संयोजकत्वमा ९सदस्यीय नेवा मोर्चा, आईत सिं भोलानको नेतृत्वमा १९ सदस्यीय किसान मोर्चा, रविन्द्र बुर्जा मगरको संयोजकत्वमा २१ सदस्यीय मगर मोर्चा र सुनिता वाइवाको संयोजकत्वमा ३५ सदस्यीय महिला मोर्चा गठन गरिएको हो । त्यसैगरी रुपेश मोक्तानको संयोजकत्वमा २९ सदस्यीय युवा मोर्चा र सुर्य बहादुर बिकको नेतृत्वमा १७ सदस्यीय दलित मुक्ति मोर्चा गठन भएको माओवादी केन्द्र सिन्धुलीले जानकारी दिएको छ ।

त्यसैगरी तत्कालिन राज्यसत्ताद्धारा हत्या गरिएका दुधौलीका महान शहिद चन्द्र परियारको शालिकमा हत्या गरिएकै दिन एक श्रद्धाञ्जली कार्यक्रम गरिएको आयोजना गरिएको छ ।

अभियानका सिन्धुली जिल्ला इन्चार्ज महेश्वर दाहालको प्रमुख आतिथ्यतामा भएको कार्यक्रम मा नेता दाहालले शहिद चन्द्रको शालिकमा माल्र्यापण गर्नुभएको थियो । एक मिनट मौन धारण गरेर शुरु भएको कार्यक्रममा प्रदेशसभा सदस्य सुष्पा भुजेल, इन्दिरा काफ्ले, दीपक खड्का लगायतका नेताहरुले माल्यार्पण गर्नुभएको छ ।

सिन्धुलीमा शहिद, वेपत्ता, अपाङ्ग लगायतका जनयुद्धमा संलग्नहरुलाई माओवादी सिन्धुलीका नेताहरुले बिर्सिएका बेला चार महिने अभियानमा भने उनीहरुलाई खोज्न थालिएको छ ।

# संकल्प यात्राले जनतामा विश्वास बढ्यो : कटुवाल

**सिन्धुली**/ नेकपा एमालेको मध्यपहाडी लोक मार्ग केन्द्रित 'समृद्धिको लागि संकल्प यात्रा'मा रहनु भएका एमाले बागमती प्रदेश कमिटी सदस्य प्रदीप कटुवालले जनतासँगको सम्बन्ध अझ बलियो बनेको बताउनु भएको छ ।

अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा भएको संकल्प यात्राको समापन पछि प्रतिक्रिया दिंदै नेता कटुवालले सो कुरा बताउनु भएको हो । १८ औ दिन पुरा गरेर पाँचथरको चिवा भन्ज्याङमा एमाले अध्यक्ष केपी शर्मा ओलीले राष्ट्रिय झन्डोत्तोलन गरेपछि यात्राको औपचारिक रूपमा समापन गरिएको थियो ।

मङ्सिर १४ मा बैतडीको झुला घाटबाट सुरु भएको उक्त यात्रा २ हजार किलोमिटर मध्य पहाडी यात्राको औपचारिक समापन नेपालको पाँचथर र भारत सिक्किमको सीमा स्थित चिवा भन्ज्याङमा भएको हो ।

संकल्प यात्राले कार्यकर्तामा उत्साह, जनतामा विश्वास बढाएको र त्यसले मध्यपहाडी क्षेत्रमा नेकपा एमालेको उपस्थितिलाई अझ बलियो बनाएको नेता कटुवालको भनाइ थियो । प्रतिक्रिया दिनुभयो ।

सन्देश जनप्रियसँको कुराकानीमा उहाँले भन्नुभयो "संकल्प यात्राले पार्टी एकमना एकताका साथ नेतृत्वको आकर्षणसँगै जनताको साथ र कार्यकर्ताको जगमा अडिएको पार्टीका रूपमा देखाएको छ ।" मध्य पहाडी राजमार्ग आधारित यात्रा ठिक समयमा लिएको उचित निर्णय भन्ने पुष्टि भएको उहाँको भनाइ छ । उहाँले सिंगो व्यवस्था र परिवर्तनका एजेण्डाका बिरुद्ध जनतामा निराशा पैदा हुन थालेका बेला एमालेको संकल्प यात्राले देशैभर उत्साह थपेको बताउनुभयो ।

संकल्प यात्रा मुलुकको समृद्धिका लागि एमालेको मजबुत सङ्गठन निर्माण र 'मिसन-०८४' कै एक महत्वपूर्ण पाटो भएको बताउनु भयो । मध्य पहाडी क्षेत्रको विकास र यस क्षेत्रका जनताको संवृद्धिका लागि संकल्प यात्रा पछि राष्ट्रिय तहबाट विकासका लागि रणनीति तय गर्न मद्दत पुग्ने उहाँको भनाई छ । स्थानीय स्तरमा भएका समस्या, जनताका माग र आवश्यकता पहिल्याउँदै सङ्कल्प यात्रा पुरा भएको उहाँको भनाई छ ।

मध्य पहाडी लोकमार्ग केन्द्रित संकल्प यात्राले मूलतः कार्यकर्तामा उत्साह जगायो भने जनतामा एमाले प्रतिको विश्वास बढायो उहाँले अगाडि भन्नुभयो "मुलुकमा अनेक खालका समस्याहरू बढिरहेका बेला प्रमुख प्रतिपक्षी दल एमालेले संकल्प यात्रा गरेर जनताका बिचमा जाने प्रयत्न गरेको छ ।

विकासको सम्भाव्यता पहिचान गर्ने र स्थानीय बासिन्दाले भोगिरहेका समस्या सुन्दै समाधानका उपाय खोजिगर्दै प्रतिपक्षका तर्फबाट सरकारलाई खबरदारी गर्ने काम भयो ।"

एमाले अध्यक्ष केपी शर्मा ओलीले उमेर र रोगलाई पन्छाएर निरन्तर सयौं-हजारौंसँग संवाद र दैनिक आयोजना हुने सभाहरूमा सक्रियतापूर्वक गुनासो सुन्ने, विचार दिने र बहस गर्ने कामले एमाले लाई थप बलियोसँगै मुलुकलाई समृद्ध बनाउने आधार एमालेसँग मात्र भएको जनताले बुझ्ने अवसर पाएको एमाले सिन्धुलीका पूर्व अध्यक्षसमेत रहनुभएका नेता कटुवालले बताउनुभयो ।

नेकपा एमालेबाट मात्र मुलुकको समृद्धि सम्भव छ भन्ने सन्देश यो अभियानले दिन सकेको बताउँदै उहाँले भविष्य प्रतिको आशा जगाउने कुरामा यात्रा सफल भएको दाबी गर्नुभयो ।




डेंगी ज्वरो
(Dengue Fever)

परिचय

डेंगी ज्वरो अरु मौसमी ज्वरो जस्तै हो । डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाइबाट मानिसमा सर्दछ ।

लामखुट्टेले टोक्ने समय

एडिज जातको लामखुट्टेले प्राय गरेर दिनमा टोक्दछ, यद्यपी घाम उदाएको २ घण्टा पछाडी र घाम अस्ताउनु भन्दा २ घण्टा अगाडी यो लामखुट्टे बढी सक्रिय हुने हुनाले सो समयमा थप सचेत हुनुपर्छ ।

लामखुट्टे वृद्धि विकास हुने स्थान

एडिज लामखुट्टेले सफा जमेको थोरै पानीमा पनि फुल पार्दछ, खासगरी पानी जम्ने टिनका डब्बाहरु, प्लास्टिकका बोतल, प्लास्टिकका खोल, टायर, सिसी, अन्डाको बोक्रा, ड्रम, बाटा, बाल्टिन, फुलदानी, गमला, कुलर, पानीका ट्यांकी आदिमा लगायत जुनसुकै पानी जम्ने भाँडा तथा स्थानहरु जस्तै छाना, कौसी, बरन्डा, ढल, नाली, कुलो, आदिमा फुल पार्छ र यो लामखुट्टेको वृद्धि विकास हुन्छ ।



लक्षणहरु

डेंगीको मुख्य लक्षण एक्कासी उच्च ज्वरो आउनु हो, यो ज्वरो ५-७ दिनसम्म रहन सक्छ, ज्वरोसँगै निम्न लक्षणहरु देखापर्छन् :

- बेस्सरी टाउको दुख्ने,
- आँखाको गेडी दुख्ने,
- हाडजोर्नी र मांसपेशीहरु र ढाड दुख्ने,
- शरीरमा बिबिरा आउने,
- रिंगटा लाग्ने,
- वाकवाकि/ वान्ता हुने,

यसका साथै लगातार बान्ता हुने, बान्तामा रगत देखा पर्ने, धेरै पेट दुख्ने, स्वासप्रस्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि लक्षणहरु देखापर्नु डेंगीको जटिल अवस्थामा हो ।

डेंगी ज्वरोको उपचार

- डेंगी भाइरसबाट हुने भएकोले यसको खास उपचार छैन । यो आफै निको हुन्छ ।
- उच्च ज्वरो कम गर्न पारासिटामोल खाने तर ब्रुफिन, एस्प्रिन जस्ता दुखाई कम गर्ने औषधि नखाने,
- पानी तथा झोलिलो तथा पोषिलो खाने कुरा प्रशस्त मात्रामा खाने,
- पूर्ण रुपमा आराम गर्ने ।

डेंगीको जटिल लक्षणहरु देखिएमा तत्काल नजिकैको स्वास्थ्य संस्थामा लैजानु पर्दछ, डेंगी रोग भएका बालबालिका, वृद्धवृद्धा, दिर्घ रोगी र गर्भवतीहरुको विशेष ध्यान दिनु पर्छ ।

बच्ने उपाय

डेंगी ज्वरोबाट बच्न लामखुट्टेको टोकाईबाट बच्ने :

- बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पुरा बाहुला भएको पुरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरु अपनाउने जस्तै : धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने ।

लामखुट्टेको वृद्धि विकास नियन्त्रण गर्ने:

- आफ्नो घर वरिपरी, कार्यस्थल र सार्वजनिक स्थानहरुमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जमिहालेको खण्डमा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- दैनिक प्रयोजनको लागि राखेको पानी लामखुट्टे प्रवेश गर्न नदिने गरी ढाकेर राख्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने, त्यस्तै भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरि बिसर्जन गर्ने,

लामखुट्टेको टोकाईबाट बच्नु नै डेंगी रोगबाट बच्ने मुख्य उपाय हो ।

यस सम्बन्धी थप जानकारीको लागि नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राख्नुहोला ।

बरहथवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सर्लाही मधेस प्रदेश

भिड जहिले पनि त्यही बाटोमा हिँड्छ, जुन बाटो सजिलो छ । तर, यसको मतलब यो होइन कि भिड सधैं सही बाटोमा हिँड्छ । - अज्ञात

## सम्पादकीय

# आचारण सुधार्न आवश्यक

जनताको लामो संघर्षबाट प्राप्त भएको संघीय लोकतान्त्रिक शासन व्यवस्थाको सफलत कार्यान्वयनमा सबै पक्षको भूमिका जरूरी छ । विशेषतः राजनैतिक नेतृत्व र प्रशासनिक तहका कर्मचारीको प्रभावकारी भूमिका हुन नसक्दा संघीय लोकतान्त्रिक गणतन्त्र विरूद्ध आम जनमानसमा आक्रोस चुलिंदो छ र गलत टीकाटिप्पणी बढिरहेको। बद्नाम बन्दै गरेको शासकीय व्यवस्थालाई सफल बनाउने प्रमुख दायित्व राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्वको हो ।

स्थायी सरकारको रूपमा रहेको कर्मचारीको भूमिका अझै बढी महत्वपूर्ण छ । किनकि सरकारका नीति, योजना र कार्यक्रमलाई जनतासमक्ष लैजाने कामनैं कर्मचारीले गर्दै आएका हुन्छन् । त्यसैले संघीय शासनलाई सफल बनाउने वा असफलताको पगरी गुथाउने भन्ने कुराको जस वा अपजस पनि उनीहरूकै हो ।

संघीय शासन प्रणाली सफलताको प्रमुख आधारको रूपमा रहेको कर्मचारीतन्त्रमा सबैभन्दा पहिला आचरणमा सुधार हुन जरूरी छ । हाम्रा कर्मचारीहरू ज्ञान, सीप र क्षमताका हिसाबले निकै माथि छन् तर ती सबैलाई सत्मार्गमा लैजानका लागि राम्रो आचरण हुन सकेन भने ज्ञान र सीपले मात्रै केही गर्न सक्दैन । उनीहरू आचरण सुधार्ने क्षमता नै राख्न नसक्ने भएकाले हिजोका दिनमा कर्मचारीप्रति आम जनताको आस्था घट्न पुगेको हो । अधिकांश कर्मचारीहरूमा कामप्रति लगावसमेत देखिँदैन । त्यसैका कारण जनताका काममा विभिन्न प्रकारका सास्ती दिने गरिरहेका छन् ।

संघीयता सफल बनाउने हो र यो शासन प्रणालीले आत्मसात् गरेका मूल्य र मान्यतालाई जनतासमक्ष सफल किसिमले लैजाने हो भने विद्यमान कर्मचारीतन्त्रमा नभएका तीनवटा चरित्रको विकास गराउन जरूरी छ । आम कर्मचारीलाई राष्ट्रप्रतिको समर्पणको भावानाले ओतप्रोत गराउन सक्नुपर्छ । त्यसै गरी आम कर्मचारीहरूमा राष्ट्रियताप्रतिको सम्मान भावना सिर्जना गराउन र जनताप्रतिको सेवाभावको अत्यधिक विकास गराउन सक्नुपर्छ । राजनीतिक नेता, नागरिक समाजलगायत समाजका सबै वर्ग र क्षेत्रमा उत्तिकै जरूरी रहन्छ । तर स्थायी सरकार हाँक्ने जिम्मेवारीमा रहेको निजामती प्रशासनमा ती चरित्रहरू समाहित हुन पुगे भने मुलुकमा विकास र प्रगतिको ढोका चाँडै खुल्न सक्ने निश्चित छ ।


भर्ना खुल्यो !!

सिन्धुली जिल्लाकै एकमात्र विश्वासिलो कम्प्युटर इन्ष्टिच्युट यस सक्सेस कम्प्युटर इन्ष्टिच्युटमा कम्प्युटरका विभिन्न कोर्शहरुमा ५०% छुटका साथ नयाँ कक्षाहरु संचालन भइरहेको छ ।

Computer Courses:
1. Basic Computer- 3 Months
2. Office Package- 4 Months
3. Accounting Package- 3 Months
4. Diploma In Computer- 6 Months
5. Diploma In Graphic Design- 6 Months
6. Diploma In Computer Application- 1 year
7. Hardware & Networking- 6 Months

नोटः हामी पढाउने मात्र होइन– तपाईलाई १००% काम गर्न सक्ने वनाउँछौं ।

सक्सेस कम्प्युटर इन्ष्टिच्युट
कमलामाई न.पा. ६, २ नं. वजार, सिन्धुली
मो. ९८४४२४५३८३, ९८१७८४५०५४


# जनताबाट आलोचित प्रचण्डको एक वर्षे कार्यकाल

□ कृष्ण गौतम

**प्रधानमन्त्रीको कुर्सीमा आसिन भएदेखी उनका सार्वजनिक कार्यक्रमको फेरिहस्त हेर्ने हो भने प्रचण्डका काम गराई सत्ता सञ्चालन भन्दा प्रमुख अतिथि बन्ने ध्याउन्नमैं केन्द्रीत भएजस्तो देखिन्छ । जसरी सिन्धुलीमा संघीय सांसदहरुलाई सबैसतर आफुनै. प्रमुख अतिथि बन्न पाए हुन्थ्यो भनेर आयोजनकलाई धम्क्याए जस्तो प्रचण्डको एक वर्षे विवरणले त्यही झल्को दिइरहेको छ । जबकी प्रचण्डको तेस्रो कार्यकालमा केही गरेर देखाउने सार्वजनिक अभिव्यक्ति दिएका थिए । शपथ ग्रहण लगत्तै संघीय संसदमै उभिएर पहिलो र दोस्रो कार्यकालमा काम गर्न नसकिएकाले तेस्रो कार्यकालमा ठोस् काम गर्ने बताएका थिए । तर तेस्रो कार्यकालमा प्रचण्डले पृथ्वीजयन्ती र जनयुद्ध दिवसको दिन सार्वजनिक विदा दिने अनि विभिन्न समयमा ज्यान गुमाएकाहरुलाई राष्ट्रिय शहीद घोषणा गर्ने बाहेक उल्लेख्य देखाउने केही गर्न सकेनन् ।**

तेस्रोपटक प्रधानमन्त्री बनेका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले एक वर्ष पारगर्दैछ । आउँदो पुस १० पुसमा एक वर्ष पुग्नेछ । सरकारको वर्षदिन पुग्दै गर्दा स्वयं प्रधानमन्त्री र मन्त्रीहरुले आफ्नो प्रगती विवरण सार्वजनिक गर्न थालेका छन् र यस बीचमा प्रचण्ड स्वयमंले आफुले राम्रो काम गर्न नसकेको बताइरहेकाछन् ।

अर्थमन्त्री डा.प्रकाशशरण महतले अर्थतन्त्र लयमा फर्काएको दावी सहित केही दिन अगाडि मात्रै वार्षिक प्रगती विवरण सार्वजनिक गरे । अरु मन्त्रीहरुले सार्वजनिक बक्तव्यमार्फत् आफ्नो कार्यप्रगती विवरण सुनाइरहेका छन् ।

स्वयं प्रधानमन्त्री प्रचण्डले पनि वार्षिक क्यालेण्डरबारे समीक्षा थालेका छन् । तर अर्थमन्त्रीको दावी र प्रधानमन्त्री प्रचण्डकै विवरणहरु केलाएर हेर्ने हो भने त्यो देश र जनतका लागि मात्रै होइन स्वमयं सत्तारुढ दलका निम्ती पनि सन्तोषजनक छैन । प्रधानमन्त्री प्रचण्डले मन्त्रालयका सचिवहरुलाई दोष दिए आफु उम्किने प्रयास गरेका छन् । आफूले कबोलेको वचन बमोजिम काम नभएको प्रधानमन्त्रीको स्वीकारोक्ति छ ।

प्रधानमन्त्रीको कुर्सीमा आसिन भए देखी उनका सार्वजनिक कार्यक्रमको फेरिहस्त हेर्ने हो भने प्रचण्डका काम गराई सत्ता सञ्चालन भन्दा प्रमुख अतिथि बन्ने ध्याउन्नमैं केन्द्रीत भएजस्तो देखिन्छ । जसरी सिन्धुलीमा संघीय सांसदहरुलाई सबैसतर आफुनै. प्रमुख अतिथि बन्न पाए हुन्थ्यो भनेर आयोजनकलाई धम्क्याए जस्तो प्रचण्डको एक वर्षे विवरणले त्यही झल्को दिइरहेको छ ।

जबकी प्रचण्डको तेस्रो कार्यकालमा केही गरेर देखाउने सार्वजनिक अभिव्यक्ति दिएका थिए । शपथ ग्रहण लगत्तै संघीय संसदमै उभिएर पहिलो र दोस्रो कार्यकालमा काम गर्न नसकिएकाले तेस्रो कार्यकालमा ठोस् काम गर्ने बताएका थिए । तर तेस्रो कार्यकालमा प्रचण्डले पृथ्वीजयन्ती र जनयुद्ध दिवसको दिन सार्वजनिक विदा दिने अनि विभिन्न समयमा ज्यान गुमाएका हरुलाई राष्ट्रिय शहीद घोषणा गर्ने बाहेक उल्लेख्य देखाउने केही गर्न सकेनन् । गृहमन्त्री बनेर आएपछि नारायणकाजी श्रेष्ठले ठूला भ्रष्टाचारका मुद्दा खोल्ने काम थालेका थिए । नक्कली भुटानी शरणार्थी प्रकरणमा पूर्व उपप्रधान एवं गृहमन्त्री बालकृष्ण खाँण, पूर्व उप्रधानमन्त्री एवं नेकपा एमालेका सचिव टोपबहादुर रायमाझी समेत पक्राउ गरेर केही आशा पनि जगाएका थिए । तर ललिता निवास जग्गा प्रकरणमा पनि केही ठूला व्यक्तिलाई उन्मुक्ति लिएर सानालाई समाउने र मुद्धा चलाउने नाममै सबै काम तमाम पारिए ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भित्रिएको अवैध सुन ठूलो मात्रामा समातिएको थियो । तर यी प्रकरणहरुमा सत्तारुढ घटक दलकै ठूला नेताहरु तानिएपछि सरकारको कथित सुशासनको रथ यात्रा रोकियो । अझ अदालतबाट सत्तारुढ नेतालाई छुटाउने र अर्कालाई जेलमैं कोच्ने आदेश दिन बाध्य पारियो । बालकृष्ण खाँणलाई छुटाउने र माओवादी नर्फकिई एमालेमैं रहेका टोपवहादुर रामयमाझी र उनका छोरालाई जेलमै राख्न लगाएर सरकारले न्यायालयमा आफ्नो पकड कायम राखेको देखियो ।

विशेषगरी ललिता निवास प्रकरणमा पूर्वप्रधानमन्त्रीहरु माधवकुमार नेपाल र बाबुराम भट्टराई जोडिएपछि सरकार पछि हटे । नक्कली शरणार्थी प्रकरणमा आरजु राणाको नाम जोडिए पछि आमसाधरणकै पूर्वानुमान जस्तो सरकारको सुशासन यात्रा रोकियो । बरु यो अवधिमा भूकम्प पीडितले समयमा न्यानो नपाउनेदेखि समातिएका अभिव्यक्तिहरु अदालत बाट छुट्ने काम भयो । पाँच वर्षे अवधिमा तीन वटा सरकार बन्ने बचनवद्धता सार्वजनिक भयो ।

देश छोड्ने युवाहरुको संख्या घटेन भने आर्थिक सूचकांक गतिलो भएन । उल्टै व्यवस्था उल्टाउनुपर्नेदेखि धार्मिक असहिष्णुताको गतिविधिले बलियो स्थान पाए । समग्रमा प्रचण्डले एक वर्षे अवधिमा देश जनताका समस्या सुल्झाउने भन्दा पनि अझ जटिल बनाए र आम जनसाधरणमा आशा जगाउने काम गर्न सकेनन् बरु उल्टै निराशाको दियो बालिरहे ।

# भूराजनीतिक षडयन्त्रले घेरिएको नेपाल

□ दिपा भण्डारी

**वितेका केही वर्षमा देखिएको भू–राजनीतिक घटनाक्रमले अमेरिका र भारतको चुनावी परिणामप्रति चासो स्वभाविक देखिन्छ । किनभने नेपालको संविधानप्रति असन्तुष्ट भारतीय संस्थापनले लगातार असहयोगको नीति लिएको देखिन्छ । संविधान जारी भएपछि ६ महिनासम्म नाकाबन्दीमै उत्रिएको भारतले एकपछि अर्को बलमिच्याइ गरिरहेको छ । कतिसम्म भने सन् २०२० मा नेपालको भूमि समेत समेटेर प्रशासनिक नक्सा जारी गऱ्यो । त्यसको काउण्टरमा नेपालले पनि लिम्पियाधुरा समेत राखेर नयाँ नक्सा जारी गरेको छ । यसरी बिग्रिएको सम्बन्ध अहिले अनुभूत हुनेगरी सुधार हुन सकेको छैन ।**

दक्षिणी छिमेकी भारत र अर्को ठूलो शक्ति राष्ट्र अमेरिकामा आमचुनाव नजिकिएको छ । यी दुई मुलुकको चुनावलाई लिएर नेपालमा अनेक राजनीतिक टिप्पणी हुन थालेको छ । विशेषगरी अमेरिकामा अहिलेकै संस्थापन दोहोरिने र भारतमा पनि भारतीय जनता पार्टी (बिजेपी) ले जित्दा वा हार्दा नेपालमा पर्न सक्ने असरबारे व्याख्या गरिदैछ । विशेष गरी भारतमा अहिलेकै संस्थापन बलियो देखिनुलाई चासोका साथ हेरिएको छ । किनकि भर्खरै मतदान भएको मध्य प्रदेश, राजस्थान, छत्तिसगढ जस्ता महत्वपूर्ण प्रदेशमा विजेपीले जितेको छ । अरु प्रदेशमा पनि विजेपीको प्रभाव राम्रो देखिन इन्डियन राष्ट्रिय कंग्रेसले यसपटक पनि नजित्ने अड्कलबाजी भइरहेको छ । तर चुनावी नतिजापछि नै विजेपी वा कंग्रेस कसले भारतको नेतृत्व लिन्छ भन्ने निर्धारण हुनेछ । यद्यपि त्यसको असरलाई लिएर मुलुकको राजनीतिक नेतृत्वले समेत धारणा बनाएको देखिन्छ । कुटनीतिका जानकार एवं नेपाल–भारत सम्बन्धमा दखल राख्नेहरुले विजेपीको संभावित जितलाई लिएर नेपालको राजनीतिबारे टिप्पणी गर्न थालेको छन् । वितेका केही वर्षमा देखिएको भू-राजनीतिक घटनाक्रमले अमेरिका र भारतको चुनावी परिणामप्रति चासो स्वभाविक देखिन्छ । किनभने नेपालको संविधानप्रति असन्तुष्ट भारतीय संस्थापनले लगातार असहयोगको नीति लिएको देखिन्छ । संविधान जारी भएपछि ६ महिना सम्म नाकाबन्दीमै उत्रिएको भारतले एकपछि अर्को बलमिच्याइ गरिरहेको छ । कतिसम्म भने सन् २०२० मा नेपालको भूमि समेत समेटेर प्रशासनिक नक्सा जारी गऱ्यो । त्यसको काउण्टरमा नेपालले पनि लिम्पियाधुरा समेत राखेर नयाँ नक्सा जारी गरेको छ । यसरी बिग्रिएको सम्बन्ध अहिले अनुभूत हुनेगरी सुधार हुन सकेको छैन ।

अमेरिकासँग पनि उस्तै संघर्ष चलिरहेको छ । विशेषगरी अमेरिकी सहायता परियोजना एमसीसीलाई लिएर नेपालको राजनीति नराम्रोसँग उतारचढाब हुन पुगेको थियो । उत्तरी छिमेक चीनले एमसीसीलाई चुनौति दिनेगरी बीआरआई ल्याएको छ । दुवैले आफ्नो परियोजना लिने र अर्कोलाई अस्वीकार गर्न दबाव दिदा नेपालको राजनीति प्रभावित हुन पुगेको छ । यी घटनाक्रमले गर्दा अमेरिका र भारतको संस्थापन परिवर्तनलाई चासोका साथ हेरिएको पाइन्छ । तर यो कुटनैतिक र राजनीतिक कुरा होइन । नेपालले आफ्नो असंलग्न नीतिमा रहेर कुटनैतिक सम्बन्ध सबैसँग समान रुपमा विकास गर्न आवश्यक छ । बाँकी रह्यो, नेपालको राजनीतिक सत्ताको विषय । मुलुकको राजनीतिक सत्ता अन्तर्राष्ट्रिय चासोका आधारमा नभएर जनताकोजनादेश र संविधानका आधारमा निर्माण हुनुपर्छ । सत्ता प्राप्ती र लम्ब्याउनकै लागि विदेशीहरुलाई अनावश्यक स्पेश दिइनु देश र जनताका लागि हितकर हुनेछैन । तसर्थ मुलुकमा अनावश्यक भू-राजनीतिक हस्तक्षेप निम्त्याउने गरी गरिएका चलखेल लाई रोक्न सार्थक पहल जरुरी भइसकेको छ ।


सिन्धुली जिल्लामा लोकप्रीय ब्राण्डका जुत्ता तथा चप्पलको होलसेल तथा खुद्रा विक्रिका लागि हामीलाई संझनुहोस् ।



प्रो. राजकुमार श्रेष्ठ ९८५४०४०१९८
राशिश जुत्ता पसल
(स्टल बजार तथा लक्ष्मी बैंकसँगै) RASIS SHOSE HOUSE

# सम्बृद्धिका लागि मध्यपहाडी यात्राको नालीवेली

□ शंकर पोखरेल

झुलाघाटदेखि चिवा भन्ज्याङ सम्मको यात्राको अवधि १८ दिनको रह्यो । बैतडीको झुलाघाटबाट मंसिर १४ गते सुरु हुने यो यात्राको लागि धनगढीबाट सुरू भएको यात्रा समग्रमा २० दिनको रह्यो । यात्रामा हामीले ३० वटा जिल्लामा विभिन्न प्रकारका गतिविधिहरू सञ्चालन गर्यौं । मध्यपहाडी राजमार्गको झन्डै १८ सय किलोमिटर लामो राजमार्ग कस्तो अवस्थामा छ ? र त्यसको कसरी सुधार गर्न सकिन्छ ? भन्ने उद्देश्य पनि हाम्रो थियो। हामीले प्राविधिकहरूलाई 'रोड अडिट' पनि गर्न लगाएका थियौं । उहाँहरूले अध्ययन गर्नुभएको छ । हाम्रो सोच के हो भने मध्यपहाडलाई मुलुकको समृद्धिसँग जोड्ने हो भने मध्यपहाडी पुष्पलाल लोकमार्गको लम्बाई घटाउन सक्नुपर्दछ भन्ने हो। करिब चार सय किलोमिटर लम्बाइ घटाउने सम्भावनाका बारेमा अध्ययन गर्नुपर्छ भनेर प्राविधिकहरूलाई भने का छौं । यो यात्राले के देखायो भने मध्यपहाडी राजमार्गको कतिपय ठाउँमा निर्माणको काम अझै हुन सकेको रहेनछ । खासगरी पश्चिम क्षेत्रको खण्डमा लगभग निर्माण सम्पन्न भएको रहेछ । धनगढीदेखि दैलेखसम्मको खण्डको निर्माण मोटामोटी सकिएको रहेछ । जाजर कोटमा केही बाँकी रहेको पायौं । भेरी नदीमा पुलको अभावले यात्रा अलि घुमाउरो बन्न पुग्यो । रूकुम पश्चिमबाट बाग्लुङ खण्डको एउटा निश्चित हिस्सा राम्रैगरी बनेको र केही भाग बन्न बाँकी रहेको पायौं । गोरखा, धादिङ, सिन्धुपाल्चोकमा राजमार्ग निर्माणको चरणमा रहेछ । यता हलेसी खण्डमा सिंगल लेन मात्रै रहेछ । त्यो खण्डमा सडक बिग्रेको अवस्थामा पायौं । खोटाङ, भोजपुर खण्डको अवस्था पनि राम्रो देखियो । धनकुटा पनि राम्रै रहेछ। तर तेह्रथुम खण्डमा धेरै समस्या रहेछ । पाँचथर खण्डमा चिवा भन्ज्याङ जानेतिर ट्र्याक मात्रै खोलिएको रहेछ। निर्माण बाँकी रहेको अवस्थामा हामीले यात्रा गरेको हुनाले कच्ची सडकमा लामो यात्रा कति कठिन हुन्छ भन्ने हामी सबै भुक्तभोगी नै बन्यौं ।

यात्राको सुरूमा धेरैले हाम्रो पार्टी अध्यक्ष यात्राका क्रममा उदघाटन गरेर फर्किनुहुन्छ होला भन्ने अनुमान गरेको थिए । तर, उहाँले सुरुदेखिनैं यात्रा पूरा गर्छु, सबै ठाउँ पुग्छु भन्नुभएको थियो, संकल्प गर्नुभएको थियो । उहाँले यात्रा पूरा गर्नुभयो । यात्राका क्रममा उहाँ सबै क्षेत्रमा पुग्नुभयो। त्यसक्रममा हामीले देख्यौं, जनताको पार्टी अध्यक्ष (केपी शर्मा ओली) र पार्टीप्रतिको आस्था, विश्वास र समर्पणभाव अभूतपूर्व रूपमा प्रकट भयो । खासगरी बालकालिकाहरू, जसलाई हामी अत्यन्त 'इनोसेन्ट' हुन्छन् भन्छौं, मान्छौं, उनीहरूमा सम्भवत: सोसल मिडियाको प्रभावले हुनसक्छ, कतिपय गैरराजनीतिक परिवारका, फरक राजनीतिक आस्था भएका परिवारका बालबालिका पनि परिवारसँग जिद्दी गरेर पनि अध्यक्ष (ओली) लाई भेट्न आएको पायौं । यसले हाम्रो पार्टी अध्यक्षप्रतिको बालबालिकाको 'क्रेज' बताएको छ । एक त पार्टी अध्यक्ष आफैं बालबालिका लाई धेरै माया गर्नुहुन्छ । यात्राका क्रममा के पायौं भने उहाँप्रति बालबालिकाको आकर्षण अभूतपूर्व रहेछ । वृद्धवृद्धाहरू चिसो मौसमा पनि तीन चार घन्टासम्म प्रतीक्षा गरेर भए पनि भेटिछाड्ने अठोटमा रहेको पायौं । राति नौ-दस बजेसम्म पनि उहाँहरू सकडमा उभिइरहेको पायौं । यस्ले बृद्धबृद्धामा पनि अध्यक्ष प्रतिको आकर्षण रहेको प्रष्ट पारेको छ। यो यात्राको क्रममा नजिक आउन खोज्ने, माला लगाइदिन खोज्ने, आफ्ना कुरा राख्न खोज्ने, एक प्रकारको हुटहुटी यति ज्यादा प्रकट भएको अनभूति गर्यौं कि, एउटा जिल्लाका साथीहरू घरपरिवारमा बाआमाहरू र परिवारका सदस्यमा विवाद सुरु भएको छ भन्दै हुनुहन्थ्यो । उहाँहरु 'मलाई किन त्यहाँ लगिनस्' भनेर गुनासो गर्ने स्थिति उत्पन्न भएको छ भन्नुहुन्थ्यो । यसले हाम्रो यात्राप्रतिको आम आकर्षण देखाउँछ ।

हामीले रहेक दिन बिहान ८ बजे यात्रा सुरू गर्ने र ५ बजेसम्म सक्ने योजना बनाएका थियौं। ठूलो टोलीको पहाडी क्षेत्रमा व्यवस्थापन असहज होला भन्ने लागेर त्यस्तो योजना बनाइएको थियो । तर, जनताको सहभागिता र प्रतीक्षाले कार्यक्रम यति थपिए कि, योजना अनुसार मात्रै गर्छु भन्ने अवस्था नै रहेन । जनता सडकमा आइसकेपछि यो तय भएको कार्यक्रम होइन भन्ने अवस्था नै रहेन। जनतालाई सम्बोधन गर्नपर्थ्यो, सम्बोधन गर्दै जाँदा धेरैतिर राति साढे दस बजेसम्म पनि औपचारिक कार्यक्रम गर्नुपर्यो, हामीले गर्यौं पनि । नुवाकोटमा अध्यक्षले सम्बोधन गर्दा रातको साढे दस बज्यो । रामेछापमा पनि सवा दसनैं बजेको थियो। जाडो मौसममा रातिको समयमा पनि उत्साहका साथ सहभागी भएको पायौं । एक प्रकारले भन्दा सिंगो मध्यपहाडी क्षेत्र हाम्रो यात्रासँग प्रभावित भयो । अध्यक्षको नेतृत्वमा रहेको हाम्रो यात्रामा पार्टी नेतृत्वका प्राय: सबै सहभागी थियौं। पदाधिकारी को सिंगो टिम, व्यवस्थापनमा लाग्ने बाहेकका सबै हिंडनुभयो । एक प्रकारले सिंगो नेतृत्वको टिम यसरी यात्रा गरेको कुरा सम्भवत: नेपालका लागि विशेष घटना होला भन्ने मलाई लाग्छ। पहाडको यस्तो कठिन यात्रामा सिंगो टिम, हरेश नखाइ, नथाकी सामेल भएको दृष्टान्त हो यो भन्ने लाग्छ ।

अर्को सकारात्मक पक्ष के हो भन्दा खेरी, यात्रा एमालेको थियो । तर, जिल्लाहरूमा पुग्दै गर्दा यो एमालेको मात्रै रहेन । यात्रा जिल्लामा जाँदा सर्वदलीय, सर्वपक्षीय अपेक्षामा जोडियो । हरेक जिल्लमा टोली पुग्नुअगावै सर्वदलीय बैठक हुने, मागपत्र तयार गर्ने, मागपत्र प्रस्तुत गर्ने शृंखला नै चल्यो। यसो गर्नु भन्ने हाम्रो कुनै निर्देशन थिएन । स्व:स्फूर्त रूपमा यस्तो काम जिल्ला-जिल्लामा भए । यात्राको मनोवैज्ञानिक प्रभाव भन्नु नै यो यात्रा हामी सबैको हो भन्ने भएछ ।

यात्रामा सहभागी हुने हरेकले आफ्नो समस्या प्रस्तुत गर्ने चाहनाअनुसार सहभागी भएको पाइयो । सामूहिक समस्याका विषयमा धेरैले आफ्ना समस्या र योजना सुनाए । धेरै तिर रोडको कुरा, एलाइनमेन्टका विषय, मुआब्जाका विषयहरू र हल नभएका विषयहरूमा सहभागीले अपेक्षा र गुनासो राखे । आफ्नो जिल्लाको विकासका सन्दर्भमा, प्रदेशको विकासको सन्दर्भमा पनि योजनाहरू प्रस्तुत गर्ने काम भए । आफ्नो ठाउँ पछि परेकोमा चिन्ता गर्दै आफ्ना कुरा राख्न भेला हुने क्रम पनि उत्तिकै भयो। यसरी स्व:स्फूर्त रूपमा ठाउँ-ठाउँमा गाउँलेहरू योजनासाथ प्रस्तुत भए ।

अहिले फूलको सिजनले हो या सम्मान भावले, मालामा पनि त्यो प्रकट भएको देखियो । यति धेरै मालाहरू कि संकलन गरेको भए एउटा पहाड तयार हुन्थ्यो होला । मालाहरुको प्रयोग त्यति धेरै भयो । जनतासँग यात्रा जोडिएको कुरा मालाले पनि बताउँछ भन्ने मलाई लाग्छ । हाम्रो उद्देश्य पनि त्यही थियो-कि मध्यपहाडमा पूर्वाधारको विकास हुँदै जाने, मान्छे सहर वा विदेश बसाइँ सर्ने किन हुँदैछ भन्ने बुझ्ने ।' जनसंख्या वृद्धिदर घटेको तथ्यहरू जनगणनामार्फत् आएकै थियो । यो किन भयो, यसलाई कसरी रोक्ने, पहाडका मान्छेलाई कसरी समृद्धिसँग जोड्न सकिन्छ ? यस्ता कोणबाट पनि छलफल भयो । यसक्रममा हामीले पहाडमा केही न केही गरिरहेका मान्छेलाई अगाडि बढाउन जरुरी छ भन्ने ठान्यौं ।

जसबाट अरूले पनि सिकून । त्यस्ता व्यक्तिहरू उद्यमशीलताको माध्यमबाट, पशुपालन होस वा कृषिकर्मबाट, जसले केही नयाँ काम गर्नुभएको छ, उहाँहरू आफ्नो उत्पादनसहित यात्रामा सामेल हुनुभयो । उहाँहरुले अध्यक्षमार्फत उपहारस्वरूप जे-जे दिनुभयो र ती चिज राख्ने हो भने नेपालमा संस्कृति र सामाजिकताको जीवन्त संग्रहालय तयार हुने देखिन्छ । बाजागाजादेखि पोसाकसम्म जे जति चिज प्राप्त भयो, त्यसले जीवन्त म्युजियम बन्छ भन्ने लाग्छ । यात्राको सामाजिक, अर्थ राजनीतिक, राजनीतिक सन्देश बारे भोलिका दिनमा धेरै विवेचना हुन्छ हामीलाई लाग्छ। यात्राको जति चर्चा रह्यो त्योभन्दा ज्यादा प्रभाव रहेको हामीले अनुभव गरेका छौं ।

हामीले यात्राका क्रममा ठाउँ विशेषको विकासका सम्भावनाबारे छलफल पनि गर्यौं । हामी सरकारमा रहेका बेला यो मार्ग आधारित स्मार्ट सिटीको अवधारणा पेश गरेका थियो । त्यसबारे पनि बुझ्ने, जनभावना बुझ्ने काम भयो । तर, ती काम जुन गतिमा हुनुपर्थ्यो, अवस्था त्यस्तो हामीले पाएनौं । हामीले सरकार छाडे पछि मध्यपहाडी क्षेत्रको विकास रोकिएको पायौं । मध्यपहाडी पुष्पलाल राजमार्ग आधारित विकासको जे सोच हाम्रो थियो, त्यो हामी हटेपछि ठ्याक्कै रोकिएको अवस्था रहेछ । स्मार्ट सिटीहरूले पहाडको जीवनलाई प्रभाव पार्छ भन्ने थियो। सायद नयाँ सरकारले नबुझेको पनि हुनसक्छ वा राजनीतिक आग्रहले काम गरेको हनुसक्छ । तर, स्मार्ट सिटीहरूको काम हुन जरुरी छ । ती सहरले मध्यपहाडलाई गुल्जार बनाउने छन । सिंगो मध्यपहाडको गुल्जारपन पनि उत्तिकै जरुरी छ ।

यात्राका क्रममा एउटा सिम्बोलले मात्रै पनि मध्यपहाडको विशेषता बताउँछ भन्ने लाग्छ । हामी यात्रा आरम्भ गर्दा कैलालीको चुरे गाउँ पालिका हुँदै गर्यौं। त्यहाँबाट सुन्तला को उत्पादन क्षेत्रहुँदै इलामसम्म आइपुग्दा मध्यपहाडको सबैजसो जिल्लाहरूमा सुन्तलाको पकेट क्षेत्र विकास गर्न सकिने रहेछ भन्ने देखियो । त्यो पनि कस्तो भने, हरेक जिल्लाका सुन्तला हामीले चाख्दै आयौं । सुन्तला एउटै हो तर त्यहाँको हावापानी र माटोको भिन्नताले स्वादमा परिवर्तन हुने रहेछ । हामीले अन्तर अनुभव गर्यौं ।

उच्च भागहरूमा स्याउबाट स्थानीयले स्वागत गरेको, स्याउको बागबानी निर्माण गरिहरेको पायौं । यो अनुभव पनि जीवन्त अनुभव रह्यो । मध्य पहाडी क्षेत्रको विकासको कुरा गर्दा दैलेखमा पेट्रोलियम पदार्थको अन्वेषण को काम एमाले सरकारमा हुँदा सुरू भएको थियो । यसपटक हामीले त्यसबारे पनि बुझ्यौं । भेरी बबइ, सुनकोसी मरिण डाइभर्सनबारे पनि बुझ्यौं । दुवै ठाउँमा काम भइरहेको रहेछ । कतिपय ठाउँमा विकास निर्माणको काम छिटो हुने तर सरकारले भुक्तानी भने बेलैमा गर्न नसकेको पनि भेटियो ।

कोशी प्रदेश प्रवेश गर्दा अलिकति विरोधको स्वर पनि सुनियो । पहिलो कुरा यो यात्रा कसैका विरूद्ध लक्षित थिएन । नेपाल भविष्यमा कसरी बनाउने भन्ने उद्देश्य आधारित यात्रा थियो । त्यसैले यो यात्रालाई सबैले स्वागत गर्नुपर्थ्यो । तर, कोशीमा आउँदा पहिचानका नाममा विरोधको प्रयास भयो । भाषाहरू कस्ता रहे सबैलाई थाहै छ। हामीले चाहिँ आम जनताका बीचमा त्यो विरोधको प्रभाव रत्तिभर अनुभव गरेनौं ।

बिरोधका स्वरहरु आए पनि यथार्थ के देखियो भन्दा विज्ञप्तिमा बढी कुरा आए, जनताका बीचमा केही प्रभाव भएन । त्यस्ता असहमतिहरुको महसुस गर्ने मौका टोलीले पाएन । खासगरी धनकुटाका सन्दर्भमा जे कुरा चर्चामा ल्याइयो त्यो चर्चा गरे जस्तो विषय थिएन । यात्रा टोलीका सदस्यले जानकारी नै पाएनन । एकप्रकारको अवाञ्छित प्रयास त हो तर चर्चा भए जस्तो घटना थिएन । अतिरन्जना धेरै भयो । यात्राको जे सन्देश छ, त्यसलाई ओझेल पार्ने हिसाबले घटना प्रेषित भयो । नेपालको सञ्चारमाध्यमले के विषयलाई प्राथमिकता दिने भन्ने विवेक प्रयोग गरेको देखिएन ।

जहाँसम्म एमाले भर्सेस नामाकरणको विवाद र बहस भन्ने छ, म के ठान्छु भने सबैभन्दा इमान्दार कोशीमा एमाले मात्रै हो । उसले त साझा पहिचानका पक्षमा उभिएर अडान लिँदा पार्टी विभाजनको पीडा भोगेको हो । अशोक राईहरुले पार्टी छाडेको हो । तर, पार्टीले एकताका नाममा गलत एजेन्डामा समर्पण गरेको होइन। पहिचानका कुरा गर्ने साथीहरू लाई एमाले जतिको इमान्दार भएर देखाउनूस भन्न चाहन्छु । बरु तिनीहरू बेइमान भएका हुन, जसले भोट माग्दा जातीय नामाकरणको कुरा गरे, भोट चाहिँ साझा पहिचानको पक्षमा हाले ।

हामी चाहिँ उहाँहरूले महसुस गर्नुभयो होला भन्ने ठान्यौं । हामीले साझा पहिचानका पक्षमा मनाउन कोशिष गरेकै हो । हाम्रो कोशीका मुख्यमन्त्रीले मुख्य नेताहरुलाई आफैं भेटेर प्रस्ताव गर्दा पुष्पकमल दाहाल, प्रचण्ड र शेरबहादुर देउवाहरूले तपाईंको कुरा जायज छ । हामी सहमत छौं भनेपछि नामाकरण टुंगिएको हो । उहाँहरुले सहमति जनाएपछि नामाकरण अघि बढेको हो । उहाँहरू त्यसबेलाको कुराबाट अहिले किन पछाडि हट्नु भो ?, जवाफ उहाँहरू ले दिने हो । तर, त्यसो गर्नु समस्याको समाधान होइन । समाजमा अस्थिरता सिर्जना गर्ने तरिका मात्रै हो । एमाले साझा पहिचानका पक्षमा छ । त्यसैले कोशीमा जे भएको छ, प्रदेशसभाले आफ्नो अधिकार प्रयोग गरेर नामाकरण गरेको छ । त्यो ठीक भएको छ भन्ने लाग्छ ।

हिजो हामी एकल बहुमतमा हुँदा पनि नाम राख्न सकिएन किनभने अरू दलहरूले साथ दिएनन् । भएन । अहिले हामी एकल बहुमतमा छैनौं तर नामाकरण सम्भव भयो किनभने अरू दलले साथ दिए । अहिले साझा पहिचानको विपक्षमा उभिएकाहरूले (कोशीका पक्षमा) भोट नहालेको भए हुन्थ्यो नि, किन हालेको ? अहिले वितण्डा किन गरेको ? कमजोरीको कोणबाट हेर्दा त जनतामा जाँदा एउटा कुरा भन्ने, निर्णय गर्ने बेलामा अर्कै गर्नेहरुले गरेको होला नि कमजोरी ? एमालेले कजमोरी गरेको होइन । म के ठान्छु भने वैधानिक तरिकाले, जनमतलाई साथ लिएर अघि बढ्नुपर्छ, बढ्न सक्नुपर्छ भन्छु। त्यसको कुनै विकल्प छैन ।

हामीले हिजो सिके राउतदेखि विप्लवसम्मलाई मूलधारमा ल्याएका हौं । अहिले नामाकरणको सवालमा जो साथीहरू आन्दोलनमा हुनुहुन्छ, उहाँहरूलाई पनि समाधान दिने पार्टी फेरि पनि एमाले नै हो । त्यसैले एमालेसँग दूरी राख्न जरुरी छैन । यो सच्चाइलाई बुझ्न ढिलाइ गर्न हुन्न ।

(एमाले महासचिव पोखरेलले ब्यक्त गर्नु भएको बिचारको सम्पादित अंश)


दर्ता नं.: १८००३८/०७४/०७५ तपाईंको यात्रा शुभ अनि सफल रहोस्...... शुभकामना

चाहना यातायात प्रा.लि.

हाम्रो देशको विद्युत हामीले सदुपयोग गरौं, विद्युतीय गाडीमा आरामदायी यात्रा गरौं ।

सिन्धुली काउण्टर
9854041239
9801718220

काठमाण्डौं चावहिल
९८०१६६८०४५
चालक
९८५४०४५५३२
९८५४०४५५३६
थप जानाकरी
९८५४०४०५३३(टंक)
९८५४०४५५४१(उद्धव)

काठमाण्डौं काउण्टर
9854045531




काठमाण्डौं-खुर्कोट-सिन्धुली-बर्दिबास अग्रिम बुकिङ्ग र रिर्जभको व्यवस्था ।


जिल्लामा रहेका पर्यटकीय तथा ऐतिहासिक क्षेत्रहरुको संरक्षण र प्रवर्द्धन गरौं। - जिल्ला समन्वय समिति, सिन्धुली

# राजु प्रधान "हिमांशु"को भूताहा बुक हाउस

त्यो शहरको तीन तले बिल्डिङको तेस्रो तलामा एउटा पुस्तक पसल उसले देखेको धेरै वर्ष अघिको कुरो हो। त्यहाँ धेरै प्रकारका पुस्तकहरू उसले देखेको र सात वटा पुस्तक किनेको पनि थियो। त्यही पसलको नाम हो न्यु बुक्स हाउस। उसलाई अझ पनि राम्ररी थाहा छ, त्यस पसलको नाम। अहिले ऊ त्यही पुस्तक पसल भएको शहरमा आइपुगेको छ, स्थानान्तर भएर। उसले सर्वप्रथम त कुनै दिन त्यही पुस्तक पसलमा गएर केही नयाँ पुस्तकहरू किन्ने विचार ग-यो।

एक आइतबार झमक्क साँझ परे पछि ऊ त्यो पुस्तक पसलतर्फ लाग्यो। बिल्डिङको सिंढी उक्लेर ऊ तेस्रो तलामा पुग्यो। ऊ त्यहाँ साढे छ बजेतिर पुगेको थियो। तर तेस्रो तलाका दोकानहरू सबै बन्द र अन्धकार थिए। त्यो पुस्तक पसलमा मात्र बिजुली बत्ती जलिरहेको थियो। त्यो पसल खुल्लै थियो। सायद आइतबार भएर अन्य पसलहरू बन्द भएको जस्तो लाग्यो उसलाई। ऊ त्यहाँ पुग्यो तर पसलमा कोही पनि थिएनन्। पसलमा झुन्डिएका र ताकमा राखिएका

पुस्तकहरूमाथि उसका आँखाद्वय अड़िएका थिए। "भित्र कोही हुनुहुन्छ ?" उसले सोध्यो तर जवाफ आएन। सायद पुस्तक विक्रेता बाहिर गएको होला भनी उसले सोच्यो। केहीबेर पर्खने विचार गरी टेबलमा सजिएका पत्रिकाहरूको समूहबाट एउटा पत्रिका निकालेर पढ्न थाल्यो।

केही क्षणपछि एउटी युवती त्यहाँ आई अनि उसलाई राम्ररी हेरेर पसलको भित्रपट्टि भएको कोठामा पसी। त्यो युवती बाहिर निस्केर उसलाई के चाहियो भनी सोध्ने छे भनेर उसले सोचिरहेको समयमा भ्यापभ्याप दाह्रीजुँगा भएको अधबैंसे व्यक्ति आएर उसलाई राम्ररी हेरेर केही नबोली पसलभित्रको कोठामा पस्यो; जहाँ केहीबेरअघि युवती पनि पसेकी थिई।

उसले बोलायो -"दाजु!"

अचानक युवतीको पीड़ामय चीत्कार सुनियो। ऊ झसङ्ग भयो। त्यहाँ बस्न उसलाई उचित लागेन। पढ्दै गरेको पत्रिका टेबलमा राखेर ऊ त्यहाँबाट जान लागेको बेला भित्रबाट आवाज आयो। त्यो पुरुष आवाज थियो।

"भाइ, एकछिन ल।"

फर्केर भित्रपट्टि हे-यो उसले र भनिपठायो, "हवस् दाजु !"

"एकछिन पर्खनुहोला," त्यो पुरुष आवाज फेरि आयो।

पर्खाइको दस मिनट बितिसक्दा पनि त्यो पुरुष बाहिर आएन। उसलाई भने अझै पर्खिनु कि फर्किनु भइरह्यो। यत्तिमा भित्रबाट नै त्यो पुरुष बोल्यो, "सरी भाइ,तपाईंलाई पर्खाएँ। तपाईंलाई कुन पुस्तक चाहिन्छ छान्दै गर्नुहोस्। नत्र यहाँ भित्रै आउनुहोस्। यहाँ पनि धेरै वटा नयाँ पुस्तकहरू राखेको छु। आउनुहोस् भित्रै।"

"हुन्छ," भनी ऊ पनि कोठाभित्र पस्यो तर पसलको भित्री कोठाको हृदय विदारक दृश्य देखेर ऊ झण्डै अचेत भयो। भित्रपट्टि भुइँमा त्यो युवती रगतपच्छे भएर छटपटाइरहेकी थिई अनि त्यो पुरुष भने घाँटीमा पासो लगाएर सिलिङको पङ्खामा झुन्डिरहेको थियो। भुइँ युवतीको रगतले रङ्गिएको थियो।

ऊ त्यहाँबाट कहालिँदै भागेर बिल्डिङको सिँढीबाट ओह्रालो झर्दा सिँढीमा नै लडेको थियो। त्यसपछि के भयो उसलाई केही थाहा छैन तर आँखा खोलिँदा आफूलाई सरकारी अस्पतालको सर्जिकल वार्डमा पायो उसले। चोट लागेकोले ब्याण्डेज लगाएर बाँधिएको थियो उसको टाउको। दुखिरहेको थियो त्यो चोट। कम्मर पनि दुखिरहेको थियो उसको। जघन्य हत्या र आत्महत्या देखेर उसको मन-मस्तिष्कमा खल्याङमल्याङ मच्चिरहेको थियो। उसको आङ पनि सिरिङ सिरिङ भइरहेको थियो।

त्यो पुस्तक पसलमा किन त्यसरी त्यो युवतीको हत्या र त्यो व्यक्तिको आत्महत्या घटित भए? भन्ने प्रश्नले उसलाई टोकिरहेको थियो। "कतै पुलिसले मलाई नै पक्राउ गर्ने त होइन," भन्ने आशङ्काबोधले ऊ भित्रभित्रै भयग्रस्त पनि थियो।

"कस्तो हुनुहुन्छ अहिले ?" यस प्रश्नले ऊ झस्कियो। एकजना अचिनारु व्यक्तिको प्रश्न थियो त्यो।

"हजुर! तपाईं?" ऊ बोल्यो।

"मेरो नाम श्याम छेत्री हो। तपाईं जुन बिल्डिङको सिँढीमा लडेर टाउको फुटी बेहोस हुनुभएको थियो; मेरो त्यही बिल्डिङको दोस्रो तलामा एउटा सानो दोकान छ। तपाईंलाई सिँढीमा बेहोस भएको देखेर मैले नै मेरा सहयोगीहरूको सहायताले तपाईंलाई अस्पतालमा उपचार को निम्ति ल्याएको थिएँ। " त्यो अचिनारु व्यक्तिको कथनपछि ऊ मौन बस्यो। मनभित्रको खलबलीले उसले कृतज्ञता ज्ञापन गर्न पनि बिर्सियो।

"तपाईं नि, कहाँबाट आउनुभएको यहाँ ?" त्यो व्यक्तिले सोध्यो।

"ज्यु, म सेन्ट्रल ब्याङ्कमा काम गर्छु र हालैमा ट्रान्सफर भएर यहाँ आएको। मेरो नाम अविनाश गुरुङ हो। मेरो घर दार्जिलिङमा छ। " उसले जवाफ दियो।

"तर त्यस बिल्डिङमा चैं किन जानुभयो?" त्यो व्यक्तिले पुनः सोध्यो।

"केही वर्षअघि म यहाँ घुम्न आएको थिएँ। त्यति बेला त्यस बिल्डिङको तेस्रो तलामा भएको त्यो पुस्तक पसलबाट पुस्तकहरू किनेको थिएँ। यस पल्ट पनि म त्यहाँ पुस्तक किन्न गएको थिएँ," उसले स्पष्टीकरण दियो।

"हँ ! त्यो न्यु बुक्स हाउसमा ?" चकित भएर त्यो व्यक्तिले सोध्यो।

"हजुर। त्यहाँ खुबै राम्रा अनि नयाँ पुस्तकहरू पाइन्छन्। म त्यही गएको थिएँ," उसले जवाफ दियो।

"त्यति बेला त्यो पुस्तक पसल खुल्लै थियो?" त्यो व्यक्तिले फेरि सोध्यो।

"हजुर, खुल्लै थियो।" उसको जवाफ।

"यो हुनै सक्दैन।" त्यो व्यक्ति बोल्यो।

"किन?" उसले सोध्यो।

"तपाईं भाग्यले बाँच्नु भएछ। अन्धकार भएपछि त्यस तलामा कोही पनि जाँदैनन्। त्यहाँ धेरै तर्साउँछ साँझ परेपछि। त्यस तलामा भएका अन्य पसलहरू पनि दिउँसोको तीन बजेपछि सबै बन्द भइहाल्छन्।

"धेरै वर्ष भइसक्यो त्यो पसल बन्द भएको। तर त्यस दिन त्यो पसल मात्र चैं कसरी खुल्लै थियो ?" त्यो व्यक्ति केही चकित भएर बोल्दै थियो।

"हजुर, त्यो पसल मात्रै खुला थियो।" त्यसपछि उसले त्यहाँ घटित हत्या र आत्महत्याको घटनाबारे सबै बतायो। त्यो सुनेर आफ्नो टाउकोमा दुवै हात राख्यो त्यो व्यक्तिले। श्याम छेत्री नाम भएको त्यस अपरिचित व्यक्तिको मुखमुद्रालाई नियाल्यो उसले। आश्चर्यचकित थियो त्यो मुखमुद्रा।

"त्यति बेला तपाईंले जुन घटना देख्नुभयो; वास्तवमा त्यो त्यस दिनको घटना होइन। धेरै वर्षअघिको घटना हो। छोरीको हत्या भएको र बाबुले आत्महत्या गरेको घटना हो त्यो। तर छोरीको हत्या कसले ग-यो ? अनि बाबुले किन आत्महत्या ग-यो ? यी प्रश्नको जवाफ आजसम्म थाहा पाउन सकिएको छैन। तर तपाईंको बयानबाट बाबुले छोरीको हत्या गरेपछि आफूले पनि आत्महत्या गरेको सूत्र थाहा पाइयो। तर बाबुले किन त्यसो ग-यो ? त्यो किस्साबारे अनुसन्धान गरिनुपर्ने सङ्केत पनि पाइयो। वास्तवमा तपाईंलाई त्यहाँ तर्साएछ। त पाईं भाग्यले बाँच्नु भएछ। अन्धकार भएपछि त्यस तलामा कोही पनि जाँदैनन्। त्यहाँ धेरै तर्साउँछ साँझ परेपछि। त्यस तलामा भएका अन्य पसलहरू पनि दिउँसोको तीन बजेपछि सबै बन्द भइहाल्छन्। त्यो न्यु बुक्स हाउस अहिले हन्टेड बुक्स हाउस भएको छ। साँच्चै,भाग्यले बाँच्नु भएछ तपाईं।"

त्यस व्यक्तिको कुरा सुनेर अहिले पो उसको आङ फुलिएर आयो। टाउको मा लागेको चोटको दुखाइ बढ्यो। कम्मरको व्यथा पनि तीव्र भएको अनुभव भयो। मुटु जोड़ जोडले ढुकढुकियो। त्यसपछि बिस्तारै ऊ बेहोस भयो।

# सातोको कविता

## म एक अछुत पात्र

✎ त्रिविषा निरौला

हो
म
तँद्वारा नै जन्मजात
अलग्गताको चिनारी ओढाइएकी
एक अछुत हुँ
तर मैले यो बतासलाई छोएकी छु
ए समाज
के अब तँ सासै फेर्न छोड्छस् ?
हेर नियालेर
म त्यही अछुत हुँ
जसलाई तैंले तल्लो जातको आडमा राखेर
पटकपटक पिल्सिन बाध्य गराइरहेको छस्
एक अछुत


तर मेरा यी कलिला पाइलाले तँ हिंड्ने बलिया
गोरेटाहरू छोएका छन्
ए समाज
के अब तँ आफ्नो यात्रा नै रोकिदिन्छस् ?
म अछुत हुँ
त्यही अछुत
पापको भण्डार
तर हेर
मेरा यी खुल्ला आँखाले हरेक मठमन्दिरमा
आफ्ना सपनाका त्यस्ता कयौं भारी बिसाएका
छन्
ए समाज
के अब तँ पुण्य नै बिर्सिन्छस्
म अछुत हुँ
एक अछुत
जसलाई तेरो सामु रहेर पनि खुलेर स्वतन्त्र
रूपमा बाँच्ने अधिकार छैन
तर हे

मेरो अन्तर हृदयले भरपूर जलाएको छ तेरैसामु
खडा भएर
आज समानताको दियो

ए समाज
के तँ अझै अन्धो नै रहन्छस् ?
ठीक छ
तँ आफ्नो अड्डामा बसेर अडान नै लिन्छस् भने
ठीक छ
तर यहाँ सवाल मेरा पनि छन्
किनकि उपल्लो जातका भान्छामा
अन्न पाक्दा छोइने डरले
यो मनलाई कुँडालेर कसैका कोठाबाट
सरक्क बाहिर मैले पनि निस्किनु परेको छ
त्यसैले
त्यसैले बरु यसो गरौं
एकपटक तेरो र मेरो निधार च्वाट्टै काटेर हेरौं
मेरो निधारमा अपहेलित हुनै पर्ने बाध्यतालाई
यदि कालो रगतले लेखिएको रहेछ भने –
म हार मानौंला यो भेदभावको विरुद्ध
म प्रकृतिसँग गुनासो पनि गरौंला
हैन भने ए समाज
अब त मान्छे बनिदे !
२१ औं शताब्दीको जमाना हो यो
ए समाज
अब त अन्धविश्वासको मुखुण्डो उतारिदे !!

# विन्दु गौतमको लघुकथा : मायाको ट्याब्लेट

रोशनी एक विधवा जो एक प्राइभेट कम्पनीमा जागिरे थिई। काम गर्दा गर्दै सहपाठी रेशमसँग घुलमिल र निकटता बढ्दै गयो सायद प्रेमसम्म पुगिसकेका थिए दुवै जना। तर एक अर्कालाई भन्ने हिम्मत गरेका भने थिएनन्।



रोशनी विधवा भन्ने कुरा अफिसका सीमितलाई मात्र जानकारी थियो, उसले यो कुरा सबैलाई बताउन आवश्यक ठानिन। किनकि समाजको एकल नारिलाई हेर्ने दृष्टिकोणबाट ऊ आजित भैसकेकी थिई। तर जब रोशनीलाई रेशम सँगको निकटता प्रेम जस्तो महसुस हुन थाल्यो, रेशमलाई यसबारे नबताई रहन सकिन। एकदिन फोनमा कुरा गर्दै गर्दा प्रसङ्गवश रोशनीले आफू विधवा रहेको कुरा रेशमलाइ बताई।

त्यसपछिका दिनमा पनि रेशमको सकारात्मक व्यवहारले गर्दा रोशनी मनमनै दङ्ग थिई। रोशनीलाई कोही सहारा भेटेको जस्तो लाग्न थाल्यो। यसपछि रोशनी र रेशम अझ नजिक भएको जस्तो रोशनिले महसुस गर्दै थिई। अचानक एकदिन रेशमले फोन गरेर आफू छिट्टै विवाह बन्धनमा बाँधिन लागेको कुरा बतायो। रोशनी छाँगाबाट खसेजस्तो भई, केही भन्न सकिन उसले।

बिस्तारै उनी डिप्रेसनको सिकार भई, नियमित औषधिको भरमा घर/ अफिस गर्दै थिई। कार्यालयको कामले रोशनी र रेशमसँगै २-३ दिनको फिल्ड जानुपर्ने भयो। राती खाना खाइसकेर रोशनीले सहयोगीलाई झोलामा रहेको औषधि र पानी ल्याउन आग्रह गरी।


तुरुन्तै रेशमले सोध्यो, "के भयो तिम्लाई ?"

रोशनीले झुठो मुस्कान सहित भनी, "हजुरको मायाको ट्याब्लेट, जुन बिना दिनमा काम गर्ने ऊर्जा मिल्दैन अनि रातमा आँखामा निद्रा।"

रेशमले एकटकले रोशनीलाई हेरी मात्र रह्यो।

फर्निचर, घरायसी सामान र आर्कणक पर्दाहरूका लागि सँधै सम्झनुहोस ।





कार्की फर्निचर्स एण्ड सप्लायर्स, सिन्धुली
पानीट्यांकी, सिन्धुली फोनः ९८५४०४०५३३

# चिनियाँ राष्ट्रपतिद्धारा राहत तथा उद्धारमा खटिन निर्देशन



**एजेन्सी/** चीनको उत्तरपश्चिमी क्षेत्रमा गएको भूकम्पमा परी १ सय भन्दा बढीको मृत्यु भएको छ । चिनियाँ अधिकारीहरुका अनुसार दुई सय भन्दा बढी घाइते भएका छन् ।
उत्तर-पश्चिम चीनमा सोमबार राती गएको भूकम्पमा परेर कम्तीमा १११ जनाको मृत्यु हुनुका साथै २२० जना मानिसहरू घाइते भएको सरकारी सञ्चार माध्यमहरूले जनाएका छन् ।
उत्तर-पश्चिम चीनको गान्सु प्रान्तमा सोमबार ६.२ म्याग्निच्युडको भूमकम्प गएको हो । भूकम्पले गान्सु र छिङ्हाइ प्रान्तमा क्षति पुगेको छ । भूकम्पको कारण भत्किएका भौतिक संरचनाको भग्नावशेषमा धेरै पुरिएको आशंका गरिएको छ । भूकम्पका कारण केही भागमा विद्युत र खाने पानी आपूर्ति पनि अवरुद्ध भएको छ । यसैबीच चिनियाँ राष्ट्रपति सी चिन फिङले उत्तरपश्चिम चीनको गान्सु प्रान्तको जिशिशान काउन्टीमा सोमबार मध्यराती गएको ६.२ म्याग्नीच्युडको भूकम्पपछि प्रभावित व्यक्तिको जीवन र सम्पत्तिको सुरक्षा सुनिश्चित गर्न खोजी र उद्धारका लागि आवश्यक सबै व्यवस्था गर्न आग्रह गर्नुभएको छ ।
पछिल्लो विवरण अनुसार भूकम्पले गान्सु प्रान्तमा १ सय जनाको मृत्यु भएको छ भने छिङहाइ प्रान्तमा ११ जनाको मृत्यु भएको चाइना डेलीले लेखेको छ । प्रभावित क्षेत्रमा पानी, बिजुली, यातायात र सञ्चार जस्ता केही पूर्वाधारमा क्षति पुगेको चनियाँ अधिकारीहरुले बताएका छन् ।
चिनियाँ कम्युनिष्ट पार्टी केन्द्रीय समितिका महासचिव तथा केन्द्रीय सैन्य आयोगका अध्यक्ष समेत रहेका सीले स्थानीय अधिकारीहरूलाई क्षति न्यूनीकरण गर्न समयमै घाइतेहरूको उद्धार र उपचार गर्न र भूकम्पको अवस्था र मौसम परिवर्तनलाई नजिकबाट नियाल्न आग्रह गर्नुभयो । उहाँले प्रभावित क्षेत्रमा जतिसक्दो चाँडो राहत सामग्री वितरण गर्न, क्षतिग्रस्त विद्युत, सञ्चार, यातायात र पिडितहरुलाई कठ्यांग्रिदो जाडो बाट जोगाउन तताउने एवम् आवश्यक पूर्वाधारको मर्मत गर्न अपील गर्नुभएको हो ।
प्रभावित जनताको आधारभूत जीवनयापनको सुनिश्चितता गर्न उचित आवासको व्यवस्था गर्न पनि आग्रह गरेको समाचार छ ।
भूकम्प प्रभावित क्षेत्रमा कार्यदल पठाएर भूकम्प पीडितलाई राहत कार्यको मार्गदर्शन गर्न प्रदेश परिषदलाई अनुरोध गरिएको छ । चिनियाँ जनमुक्ति सेना र जन सशस्त्र प्रहरी बलले स्थानीय सरकारहरूसँग सक्रिय रूपमा आपत्कालीन उद्धार र विपद राहत कार्यमा सहयोग गर्नुपर्छ र जनताको जीवन र सम्पत्तिको सुरक्षा सुनिश्चित गर्न सक्दो प्रयास गर्नुपर्छ उहाँले अपीलमा भन्नुभएको छ ।
प्रधानमन्त्री ली छ्याङले दुर्घटना न्यूनीकरणका लागि फसेकाहरुको उद्धार र घाइतेको उपचारका लागि हरसम्भव प्रयास गर्न आग्रह गर्दै निर्देशन दिनुभएको छ ।
राज्य परिषदले प्रभावित क्षेत्रमा राहत कार्यको मार्गदर्शन गर्न कार्यदल पठाएको छ । गान्सु र छिङहाइ प्रान्तले प्रभावित क्षेत्रमा शिविर र फोल्डिङ बेड जस्ता राहत सामग्रीको तत्काल विनियोजन गरी राहत सहयोगको आयोजना गरेका छन् । भूकम्प पीडितको राहत कार्य व्यवस्थित रुपमा भइरहेको छ ।

# संसद् अवरुद्ध गरेको भन्दै भारतका ७८ जना सांसद निलम्बित



**एजेन्सी/** भारतको संसदबाट एकै दिन ७८ जना विपक्षी सांसदहरू निलम्बनमा परेका छन् । लोक सभाका ३३ र राज्यसभाका ४५ जना सांसदहरू निलम्बित भएका हुन् । संसदमा भएको सुरक्षा गल्तीका विषयमा प्रधानमन्त्री नरेन्द्र मोदी र गृहमन्त्री अमित शाहको जवाफ मागेर विपक्षी सांसदहरूले लगातार विरोध गर्दै आएका थिए ।
विपक्षीको विरोधका कारण बैठकमा अवरोध हुँदै आएको थियो । सरकारको प्रस्तावमा दुवै सभाका अध्यक्षहरूले संसदमा विरोध प्रदर्शनमा उत्रिएका विपक्षी दलका सांसदहरूलाई हिजो निलम्बन गरेका हुन् । जारी संसदको शीतकालीन सत्रभर का लागि सांसदहरूलाई निलम्बन गरिएको बीबीसी हिन्दीले जनाएको छ । लोकसभामा विपक्षी दलका नेता कांग्रेस सांसद अधिर रञ्जन चौधरी पनि निलम्बित हुनुभएको छ । गएको बुधवार दुई जना युवाहरू दर्शकदीर्घाबाट बैठक चलिरहेकै बेला संसद कक्षमा कुदेर प्रदर्शन गरेका थिए । उनीहरूले संसदमा पहेंलो रंगको धुवाँ फैलाएका थिए । संसद भवनमा आतंकवादी हमला भएको २२ वर्ष पुगेकै दिन पाँच तहको सुरक्षा व्यवस्थालाई झुक्याएर दुई युवाले संसद बैठक कक्षमै प्रदर्शन गरेका हुन् । यसअघि २००१ को डिसेम्बर १३ मा संसद भवनमाथि आतंकवादी हमला भएको थियो । त्यही दिन पारेर भएको नयाँ घटनालाई विपक्षी सांसदहरूले संसदको सुरक्षामा ठूलो गल्ती भएको भन्दै सरकारमाथि प्रश्न उठाइरहेका छन् ।
प्रदर्शन शुरु भएकैदिन लोकसभाबाट १३ र राज्यसभाबाट १ जना गरी १४ सांसदलाई निलम्बन गरिएको थियो । हिजो समेत गरी लोकसभाबाट ४६ र राज्यसभाबाट ४६ गरी ९२ जना सांसद निलम्बित भएको हिन्दुस्तानको अनलाइन संस्करणले जनाएको छ ।

# लाल सागरमा आक्रमणपछि तेलको भाउ बढ्ने डर

**एजेन्सी/** लाल सागरमा व्यावसायिक जहाजहरूलाई लक्षित गरेर ड्रोन र रकेट आक्रमण भएपछि विश्व बजारमा तेल र अन्य वस्तुको भाउ बढ्न सक्ने चेतावनी विश्लेषक हरूले दिएका छन् । यमनका हुथी विद्रोहीहरूले जहाजलाई नै निशाना बनाएर आक्रमण गरेपछि कयौं कम्पनीहरूले त्यो मार्ग भएर ढुवानी बन्द गरेका छन् । कम्पनीले आफ्ना जहाजहरू बाटो परिवर्तन गरेर अफ्रिकाको केप अफ गुड होप भएर लैजान थालेको विश्वको दोस्रो ठुलो सिपिङ कम्पनी मेस्कले मंगलबार भनेको थियो । लाल सागरमा आक्रमणपछि अमेरिकाले लाल सागर रुटमा जहाजको सुरक्षाका लागि सैन्य अपरेसन नै सुरु गरेको छ । यो अपरेसनमा बेलायत, क्यानडा, फ्रान्स, बहराइन, नर्वे र स्पेन जस्ता देशका सुरक्षाकर्मीहरू पनि खटिएका छन् । लाल सागरमा ढुवानी सुरक्षित राख्न अमेरिकी रक्षा मन्त्री ल्योड अष्टिनले मंगलबार ४० भन्दा बढी देशका मन्त्रीहरूसँग भर्चुअल बैठक बसेर थप देशहरूलाई सहयोगका लागि अनुरोध गरेका थिए । लाल सागर विश्वभर तेल र तरलीकृत



ग्यास ढुवानीका लागि मुख्य रुट हो । यहाँबाट टिभी, विद्युतीय सामान, ट्रेनर जस्ता उपभोग्य वस्तु पनि ढुवानी हुन्छन् । लाल सागरबाट हुने ढुवानीलाई केफ अफ गूड होप भएर लैजाँदा ३ हजार ५०० माइल बढी यात्रा गर्नुपर्छ । जसका लागि १० दिन बढी समय लाग्छ । हालैका दिनमा जहाजमाथिको आक्रमण बढेका छन् । विश्वको कुल व्यापार मध्ये १२ प्रतिशत व्यापार लाल सागर भएर हुन्छ । एक वर्षमा यो रुट भएर करिब १० खर्ब डलर बराबरको वस्तु बाहिरिन्छ । अहिलेका लागि आक्रमणले तेल बजारमा प्रभाव नगण्य छ । सोमबार अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको अन्तर्राष्ट्रिय बेन्चमार्क ब्रेन्ट क्रुडको भाउ १ प्रतिशतले बढेको थियो । तर मंगलबार रातोमा आएको तेलको भाउ यो समाचार तयार पार्दाखेरि नेपाली समयअनुसार साँझ ५ बजेतिर हरियोमा थियो । यो समाचार तयार पार्दाखेरि लन्डन स्थित आईसीई एक्सचेन्जको कोमेक्स भिडिजनमा ब्रेन्टको भाउ प्रतिब्यारेल शून्य १० प्रतिशतले बढेर ७८ डलर शून्य ३ सेन्ट कायम भएको थियो ।
सोही समयमा न्यूयोर्क मर्कन्टाइल एक्चसेञ्जको कोमेक्स डिभिजनमा यूएस क्रुडको भाउ शून्य दशमलव १२ प्रतिशतले बढेर प्रतिब्यारेल ७२ डलर ९१ सेन्टमा पुगेको थियो । ढुवानीको बाटो परिवर्तन गर्दा तेलको भाउ मात्रै प्रभावित हुन्न । तेलको भाउसँगै महँगी पनि बढ्छ ।





# मिसेस नेपाल वर्ल्डका प्रतियोगीले देखाए ट्यालेन्ट




'मिसेस नेपाल वर्ल्ड २०२३' का प्रतियोगीले आ-आफ्नो ट्यालेन्ट देखाएका छन् । राजधानीको धुम्बारहीमा अवस्थित भ्वाईस अफ नेपालको स्टुडियोको आयोजित ट्यालेन्ट शो मा प्रतियोगीले आफूमा रहेको नृत्य, गायन, भाषण कला, मुक्तक, अभिनयलगायतका प्रतिभा देखाएका हुन् । पेजेन्ट निर्देशक निशुकान्त झाले ट्यालेन्ट शोमा प्रतियोगीहरुले प्रदर्शन गरेको प्रतिभाका आधारमा मिसेस ट्यालेन्ट छानिने र त्यसको घोषणा अन्तिम प्रतिस्पर्धाका दिन गरिने बताए । प्रतियोगिताको अन्तिम प्रतिस्पर्धा आगामी कार्तिक २२ गते राजधानीको कमलादिस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा हुनेछ । रिवन इन्टरटेनमेन्टको आयोजनामा हुने 'मिसेस नेपाल वर्ल्ड २०२३' को ट्यालेन्ट शोमा अन्नपूर्ण पोष्टका प्रधानसम्पादक अखण्ड भण्डारी, कोरियोग्राफर जोगेन्द्र केसी, नायकद्वय गजित विष्ट र तेज गिरी तथा गायिका निशा देशार निर्णायक रहेका थिए । अश्विनीकान्त झाको कोरियोग्राफी रहेको प्रतियोगितामा आइना गजुरेल, देवी थापागुरुङ, पृथ्वीमाया थापा, मीना भट्टराई, आयुष्मा राई, रेखा विष्ट, ज्ञानेश्वरी श्रेष्ठ, सिर्जना केसी, पविना श्रेष्ठ, सीता सुवेदी, सुष्मिता सिंह, निशा विष्ट, कृतिका पालिखे, कोमल लामा, रेखासिंह रायमाझी, निर्मला गुरुङ, उत्सुक्ता नकर्मी, जेनी खड्का, सलोनी श्रेष्ठ, पुनम श्रेष्ठ, टेककुमारी घले, मङ्गली सिलवाल र सरु आरएल राणा प्रतियोगीको रुपमा सहभागी छन् । प्रतियोगिता सन्दीप भुजेलको डान्स कोरियोग्राफी तथा सम्राट शाह र गंगा महर्जनको संयोजनमा हुनेछ । प्रतियोगिता विजेताले आगामी २०२४ को जनवरीमा अमेरिकाको लसभेगासमा हुने मिसेस वर्ल्डमा नेपालको प्रतिनिधित्व गर्ने अवसर प्राप्त गर्नेछन् । प्रतियोगितामा मिसेस इन्टरनेसनल नेपाल र एमएस नेपाल इन्टरनेसनलका विजेता पनि छानिनेछ । जसले सिंगापुरमा हुने मिसेस इन्टरनेसनल तथा एमएस इन्टरनेसनलमा सहभागिता जनाउने अवसर प्राप्त गर्नेछन् ।

# अर्पण थापाको डेब्यु सिरिज 'ब्रह्माण्ड' रिलिज




टोपी स्टुडियोज् र कान्तिपुर फिल्म एकेडेमीले निर्माण गरेको सिरिज 'ब्रह्माण्ड' नेपाली ओटीटी प्लाटफर्म कान्तिपुर सिनेमाजमा रिलिज भएको छ । यो सिरिजको पहिलो च्याप्टरको स्ट्रिमिङ आइतबारदेखि सुरु भएको छ । सिरिजको शीर्ष भूमिकामा अर्पण थापाले अभिनय गरेका छन् । 'ब्रह्माण्ड' अभिनेता थापाको डेब्यु सिरिज समेत बनेको छ । सिरिजमा सुनिल थापा, निशा अधिकारी, भोलाराज सापकोटा, राजन खतिवडा, विशाल पहारी र सुरज बिष्टको समेत मुख्य भूमिका छ । सञ्जय ढुंगाना र सुप्रज्ञा शर्माले यो सिरिजबाट डेब्यु गर्दैछन् ।

यो सिरिजलाई पुरुषोत्तम प्रधानले छायांकन र सुरेन्द्र पौडेलले सम्पादन गरेका हुन् । सागरराज आचार्य र प्रकाश पुरीले मिलेर बनाएको सिरिजलाई रियाज नाटककारले लेखन तथा निर्देशन गरेका हुन् ।

अहिले कान्तिपुर सिनेमाजमा 'ज्याकी : आईएम ट्वान्टी वान, जुलेवी, चिमुसी चि, खरानी, मदर, मुखिया, ऋतुलगायतका कथानक फिल्म तथा मिस स्कारलेट, लभसूत्र सिरिज पनि स्ट्रिमिङ भइरहेका छन् ।

## 'सरकारनैं ........

सिता बैजु, पूर्णकुमारी देवकोटा, सुनमाया तामाङ र पदम कुमारी बस्नेत चयन भएका हुन् । द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जाल बागमती प्रदेश सहसंयोजक पार्वती तिम्सेनाको विशेष उपस्थितिमा समिति गठन गरिएको थियो ।

समितिको विस्तारित बैठकबाट सदस्यहरु थप गर्ने, स्थानीय तहमा समिति गठन गर्ने लगायतका निर्णय भएको छ । समितिको बैठक हरेक महिनाको अन्तिम शनिवार बिहान १० बजे बस्ने समेत निर्णय भएको छ ।

देशमा शान्ति सम्झौता भएको १८ वर्ष बितिसक्दा पनि न्यायको अनुभूति गर्न नपाएको भन्दै द्वन्द्व पीडितहरूले 'द्वन्द्व पीडित राष्ट्रिय सञ्जाल' गठन गरिएको जनाएका हुन् । 'द्वन्द्व पीडितहरूले न्याय पाउन विधि प्रक्रिया र पद्धति अनुसारको कानुन बनाउन राजनीतिक दल र सरकारलाई जबाफदेही बनाउनको लागि द्वन्द्व पीडितको साझा संगठन द्वन्द्व पीडित राष्ट्रिय सञ्जाल गठन भएको अधिकारवादी संस्था इन्सेक सिन्धुलीले जनाएको हो ।

सशस्त्र द्वन्द्वरत पक्ष नेकपा माओवादीले सरकारको नेतृत्व गरिरहेका बेला जनयुद्धमा संलग्न भएकाहरु संगठित भएर आवाज उठाउनु पर्ने अबस्थामा पुग्नु पिडादयी विषय भएको द्वन्द्वपिडित सावित्री श्रेष्ठले बताइन् ।

उनले प्रमुख पक्ष माओवादीनैं अहिले पडितहरुको घाउमा मल्हव लगाउने पक्षमा छैन, किनकी सिन्धुलीका पुराना माओवादीहरु अहिले सो पार्टीमा खोज्ने अवस्था आएको टिप्पणी गरिन् । जसले पार्टीमा कुरा राख्नु पर्ने, पिडितहरुलाई न्याय दिन दबाब सिर्जना गर्नु पर्ने थियो, अहिले उनीहरुनैं माओवादी पार्टीबाट लखेटिएका छन्, यस्तो अबस्थामा पिडितहरु संगठित हुनुको बिकल्प छैन, श्रेष्ठले आफ्नो पिडा सुनाउँदै भनिन् ।













हामीकहाँ रुद्राक्ष, रक्त चन्दन, धुपी, आँप, कटहर, लिची, नास्पाती, कागती, जुनार, सुन्तला इन्डोर र आउटडोर प्लान्ट, विभिन्न जातका फुलहरु, विवाह व्रतन्धका लागि फुल र दुबोका मालाहरु, आकर्षक सिजनल फुलहरु पाइन्छ । साथै घर तथा रेष्टुरेष्ट आदी सजावट र गार्डेनिङका कामहरुपनि गरिन्छ ।







सन्देश जनप्रियका लागि *दिपा भण्डारीद्वारा प्रकाशित सम्पादित,* प्रधान सम्पादक : *कृष्ण गौतम,* सम्पादकः *प्रेम दाहाल,* सम्वाददाताः *पबन राउत,* कार्यालय (सिन्धुली)ः *विपी राजमार्ग, कमलामाई-६,* (बर्दिवास)ः *सिन्धुलीरोड,* कानुनी सल्लाहकारः *केशवप्रसाद गौतम* ई-मेलः news.pradesh@gmail.com, बेभः www.epradeshkhabar.com मुद्रणः *लालिगुरांस अफसेट प्रेस, सिन्धुली*